# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

मन्त्रालय र मातहतसमेत २०१ कार्यालयको यो वर्ष विनियोजन रु.६५ अर्ब ७४ करोड २७ लाख, राजस्व रु.८३ करोड ४० लाख र धरौटी रु.४८ करोड ५८ लाखसमेत रु.६७ अर्ब ६ करोड २५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका जिल्ला विकास समिति तथा अन्य समिति १३९ को रु.२ खर्ब ४६ अर्ब ४५ करोड ५९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा देहायअनुसार छन्:

१. **अनुगमन -** विगतका प्रतिवेदनमा प्रशासनिक कार्यमा सीमाभन्दा बढी खर्च गरेको, समाजिक सुरक्षा कार्यक्रम अन्तर्गत समयमा पेश्की फछ्र्यौट नभएको, कतिपय वैदेशिक सहायता रकमको लेखापरीक्षण नगराएको, प्राविधिक सहायता रकमको आर्थिक विवरणमा समावेश नभएको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको, आर्थिक वर्षको अन्त्यमा अख्तियारी प्रदान गरेको, कन्टिन्जेन्सी सम्बन्धी अभिलेख व्यवस्थित नभएको लगायतका व्यहोराहरु समावेश भएकोमा यस वर्ष पनि सुधार भएको छैन ।

जिल्ला विकास समितिहरुबाट बिल भरपाई बेगर खर्च गरेको, कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेको, सञ्चित कोष दाखिला गर्नुपर्नेमा नगरेको, नियम विपरीत आर्थिक सहायता वितरण गरेको, परिषद्को स्वीकृति बेगर अबण्डाबाट योजना तथा कार्यक्रममा निकासा दिएको लगायतका विषयमा सुधारका लागि सार्वजनिक लेखा समितिबाट २०६९।१।१० मा निर्णय भए तापनि सुधार हुन सकेको छैन । लेखापरीक्षणबाट औंल्याएका व्यहोरा तथा सार्वजनिक लेखा समितिबाट भएको निर्णयको कार्यान्वयन गरी विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

२. **त्रिवर्षीय योजना र बजेट कार्यान्वयन -** मन्त्रालयले विगत ३ वर्षको अवधिमा सञ्चालन गर्नुपर्ने कार्यक्रम र बजेट तथा वार्षिक खर्चबीच सामन्जस्यता रहेको देखिएन । विगत ३ वर्षको अवधिमा कार्यक्रम सञ्चालन र प्रशासनिक समेत रु.१ खर्व ५२ अर्व ८८ करोड खर्च गरे तापनि आवधिक योजनाको लक्ष्य र उपलब्धि मापन गर्ने स्पष्ट सूचक तय गरेको देखिएन । योजनाले निर्दिष्ट गरेका सामाजिक सुरक्षा अन्तर्गत न्यूनतम सामाजिक संरक्षण गर्न स्वैच्छिक एवं योगदानमूलक प्रणालीलाई प्रोत्साहन गर्ने, सामाजिक वीमा, कार्यक्रम सञ्चालन गर्ने, ५ विकास क्षेत्रमा १।१ वृद्धाश्रम सञ्चालन गर्ने कार्यक्रम कार्यान्वयन भएको देखिएन ।

मन्त्रालयले यो वर्ष रु.७७ अर्व २३ करोड ९३ लाख विनियोजनमध्ये रु.७२ अर्व १५ करोड ५१ लाख (९३.४१ प्रतिशत) खर्च गरेको छ । वैदेशिक सहायतातर्फ रु.११ अर्व ७० करोड ७३ लाख अनुमानमा रु.६ अर्व २० करोड ७१ लाख (५३ प्रतिशत) मात्र खर्च भएकोले वैदेशिक सहायता उपयोग न्यून रहेको देखिन्छ ।

अत: आवधिक योजना र वार्षिक बजेटबीच सामन्जस्यता कायम गरी उपलव्धी मापन गर्न सकिने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३. **प्राविधिक सहायता -** आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १६(२) बमोजिम २३ कार्यक्रमको लागि २०७३ आषाढ मसान्तको बिनिमयदर अनुसार रु.७ अर्व १६ करोड ५० लाख बराबरको प्राविधिक सहयोग प्राप्त हुने उल्लेख भएकोमा सोको प्राप्ती एवं आर्थिक तथा भौतिक प्रगति विवरण र खर्चका फाँटवारी लेखापरीक्षणमा पेश नभएकोले सोको स्रेस्ता पेश गरी लेखापरीक्षण गराउनु पर्दछ ।

४. **लेखापरीक्षण -** बजेटमा समावेश भएको सबै प्रकारको वैदेशिक सहायताको लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनु पर्ने व्यवस्था छ । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको प्राविधिक सहायता रु.२७ करोड ९५ लाख, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग अन्तर्गत ग्रामीण खानेपानी तथा सरसफाई, ग्रामीण पहुँच सुधार कार्यक्रम, झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम लगायत ५ दातृ राष्ट्र तथा संघ संस्थाबाट प्राप्त रु.४ अर्व ७० करोड ५० लाख, ३ दातृराष्ट्र तथा संघ संस्थाबाट सोझै भुक्तानी भएको अनुदान तथा ऋण रु.५४ करोड ७० लाख, राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रमबाट अन्तर्राष्ट्रिय श्रम संगठनलाई उपलव्ध गराएको रु.४१ करोड ७१ लाख र जिल्ला प्राविधिक कार्यालय खोटाङमा स्थानीय सडक सुधारको लागि निकासा गएको रु.६ करोड ९ लाख समेत रु.५ अर्व ९४ करोड ५० लाखको

लेखापरीक्षण गराएको छैन । नेपाल सरकारलाई प्राप्त सबै प्रकारको वैदेशिक सहायताको स्रेस्ता पेश गरी लेखापरीक्षण गराउनुपर्दछ ।

५. **भारतीय सहयोग कार्यक्रम** - भारतीय सहयोग कार्यक्रम अन्तर्गत विद्यालय भवन निर्माण लगायतका कार्यका लागि उदयपुर, गोरखा, मकवानपुर, काठमाडौं, अछाम र बाजुरा जिल्ला विकास समिति मार्फत रु.५ करोड ३१ लाख ४५ हजार खर्च गरेकोमा विनियोजन बजेटमा समावेश गरेको देखिएन । नेपाल सरकारलाई प्राप्त सबै प्रकारका वैदेशिक सहायता रकम बजेटमा समावेश गरी खर्च गर्नुपर्दछ ।

६. **सुनौला हजार दिन कार्यक्रम** - विश्व बैंकको सहयोगमा १५ जिल्लामा सञ्चालित यो कार्यक्रमले मुख्यतः बाल तथा मातृ कुपोषण न्यूनीकरण गर्ने, साबुन पानीले हात धुने लगायतका क्रियाकलापमा सुधार ल्याउने उद्देश्य लिएको छ । २०६९ आश्विनदेखि शुरु भएको यो कार्यक्रममा रु.४ अर्ब २० करोड (४० मिलियन अमेरिकी डलर) खर्च गर्ने लक्ष्य रहेकोमा २०७३ आषाढसम्म रु.२ अर्ब १५ करोड ५ लाख मात्र खर्च गरी ६४ प्रतिशत भौतिक प्रगति हासिल भएको छ भने बाँकी ८ महिनाको अवधिमा बाँकी रकम खर्च हुने स्थिति छैन । रौतहट लगायतका ८ जिल्लाले १०० दिनमा सम्पन्न हुने कार्यक्रमका लागि लिएको पेश्की रु.११ करोड ३५ लाख लेखापरीक्षण अवधि २०७३ माघसम्म पनि फछ्र्यौट हुन बाँकी रहेकोले निर्धारित समयमा कार्यसम्पन्न भएको आधार सुनिश्चित हुन सकेन । अतः उद्देश्यबमोजिम उपलव्धी हासिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

७. **बीउपुँजी अनुदान** - अति सीमान्तकृत समुदायको लागि दिगो विकास कार्यक्रमबाट बिभिन्न व्यवसाय सञ्चालन गर्न विगत २ वर्षमा ८१ समूहलाई अनुदान स्वरुप बीउ पुँजी रु.६ करोड ७४ लाख उपलव्ध गराएकोमा सोको प्रगति, अनुगमन, लेखापरीक्षण तथा कार्यसम्पन्न प्रतिवेदन समेत पेश नभएकोले अनुदान उपयोगको सुनिश्चितता रहेन । अतः अनुदानको उद्देश्यमूलक उपयोगको सुनिश्चितताका लागि नियमित अनुगमन गर्नुपर्दछ ।

८. **सामाजिक सुरक्षा कार्यक्रम** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ अनुसार प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भर्पाई भुक्तानी गरेको ७ दिनभित्र पेश्की फछ्र्यौटको लागि जिल्ला विकास समितिको कार्यालयमा पठाउनुपर्ने र कार्यालयले दोस्रो र तेस्रो किस्ता रकम निकासा दिँदा अघिल्लो किस्तामा निकासा भई भुक्तानी गर्न बाँकी रहेको रकम कटाएर निकासा दिनुपर्ने, तेस्रो किस्ता पेश्की लिएको रकम आषाढ २१ भित्र फछ्र्यौटको लागि पठाउनु पर्ने र आषाढको २६ भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा कार्यक्रममा गत वर्ष रु.१२ अर्ब २६ करोड ३४ लाख खर्च भएकोमा यो वर्ष रु.१६ अर्ब १५ करोड ८ लाख खर्च भएकोले ३१.६९ प्रतिशत वृद्धि भएको छ ।

८.१. सामाजिक सुरक्षा कार्यक्रमहरु छरिएर सञ्चालन भएकोले चालु अधिवेशनमै एकीकृत सामाजिक सुरक्षा विधेयक व्यवस्थापिका संसदमा पेश गरिने २०७२।७३ को बजेट वक्तव्यमा उल्लेख भएकोमा पेश भएको छैन । यसबाट जेष्ठ नागरिक भत्ता, एकल महिला लगायत सामाजिक सुरक्षा भत्ता र निवृत्तिभरण लगायतका भत्तामा सामन्जस्यता कायम हुन सकेको छैन ।

८.२. यो वर्ष जिल्ला विकास समितिको कार्यालय, सिरहा, सल्यान, सुनसरी लगायत ३१ ले सामाजिक सुरक्षा कार्यक्रममा गरेको खर्चमध्ये रु.१ अर्ब ३९ करोड ८१ लाख पेश्की फछ्र्यौट भएको छैन ।

८.३. जिल्ला विकास समितिको कार्यालय, अछाम, सुर्खेत लगायत २४ जिल्लाको १ हजार ३१ गा.वि.स.मध्ये नमूना छनौटमा परेका ७३ गाउँ विकास समितिको सामाजिक सुरक्षा भत्ता सम्बन्धी स्रेस्ता परीक्षण गर्दा रु.५२ लाख ७९ हजार असुल गर्नुपर्ने देखिएकोले अन्य ९५७ गाउँ विकास समितिको भत्ता वितरणको अभिलेख जिल्ला विकास समितिबाट परीक्षण गरी वास्तविक रकम यकिन गर्नुपर्दछ ।

८.४. जिल्ला विकास समितिको कार्यालय, गोरखा, सल्यान, नवलपरासी लगायत ६ अन्तर्गत ८७ गाउँ विकास समितिले अभिलेखभन्दा बढी सामाजिक सुरक्षा भत्ता रु.१३ लाख ४२ हजार खर्च गरेका छन् । अतः एकीकृत सामाजिक सुरक्षा कार्यक्रम लागू गर्नुपर्ने, समयमा पेश्की फछ्र्यौट, अभिलेख अद्यावधिक गर्नुपर्ने तथा बढी खर्च भएको रकम असुल गर्नुपर्दछ ।

९. **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम जिन्सी व्यवस्थापन नगरेका कारण ग्रामीण पुनःनिर्माण तथा पुनःर्स्थापना आयोजनामा रु.९ लाख ४५ हजारका ल्यापटप बरबुझारथ नभएको, रु.४ लाख ५४ हजारका ३ मोटरसाइकल मन्त्रालयले प्रयोग गरेको, रु.४ लाख ३८ हजारका मोटरसाइकल, प्रोजेक्टर, ल्यापटप लगायतका सामान हराएको स्थिति छ । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट कर्मचारीले बुझिलिएको रु.३ लाख ६५ हजारका मोटरसाइकल, ल्यापटप लगायतका सामान बरबुझारथ नगरी रमाना दिएको, दलित आयोगका निवर्तमान अध्यक्ष एवं सदस्यले रु.१ लाख २१ हजारको ल्यापटप लगायतका सामान बरबुझारथ नगरेको, वादी समुदाय उत्थान विकास समितिका निवर्तमान कार्यकारी निर्देशकले रु.१ लाख १ हजारको ल्यापटप तथा फर्निचर बरबुझारथ नगरेको, जिल्ला प्राविधिक कार्यालय ललितपुरले रु.१६ लाख ७२ हजारका ६ थान मोटरसाइकल जिन्सी दाखिला नगरेको, राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम अन्तर्गत अन्तर्राष्ट्रिय श्रम संगठनबाट प्राप्त जीप-६, पिकअप-३९, मोटरसाइकल-१५३ हस्तान्तरण तथा जिन्सी दाखिला नगरेको एवं निलो नम्बर प्लेट नै प्रयोग गरिरहेको पाइयो । अतः नियमावली बमोजिम बरबुझारथ तथा जिन्सी व्यवस्थापन गरी सरकारी सम्पत्तिको सदुपयोगमा ध्यान दिनुपर्ने देखिन्छ ।

१०. **म्याद थप** - आर्थिक कार्यविधि नियमावली, २०६४ तथा खरिद सम्झौताको शर्तमा म्याद थप सम्बन्धी व्यवस्था छ । ग्रामीण पुनः निर्माण तथा पुनःस्थापना आयोजनाले २० जिल्ला स्थित ६७ सडकको विस्तृत आयोजना प्रतिवेदन २०७१।७।१४ सम्म तयार गर्न २०७०।४।१४ मा रु.१३ करोड ६३ लाख १८ हजारमा एक परामर्शदातासंग सम्झौता भएकोमा थप आर्थिक भार नपर्ने गरी विभागीय प्रमुखबाट २०७३।३।३१ सम्म चौथो पटक म्याद थप गर्दा समेत रु.१० करोड ७० लाख ७ हजार (७८.१९ प्रतिशत) मात्र खर्च भई १९ सडकको वेस लाइन सर्भे, २१ सडकमा पुनर्वास योजना, ९ सडकमा वातावरणीय परीक्षण प्रतिवेदन र ८ पुलको सम्भाव्यता अध्ययन गर्न बाँकी रहेकोले विस्तृत आयोजना प्रतिवेदन तयार हुन सकेको छैन । तोकिएको समयमा कार्यसम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

११. **निर्माण कार्य शुरु नगरेको** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा विकास आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गरी सम्भाव्य भएपछि मात्र खरिद कार्य शुरु गर्नुपर्ने उल्लेख छ । सस्पेन्सन ब्रिज डिभिजनले त्रिवेणीधाम झोलुङ्गेपुल निर्माण गर्न एक निर्माण व्यवसायीसंग मूल्य अभिवृद्धि कर बाहेक रु.५ करोड १९ लाख ६७ हजारमा २०७०।३।३० मा खरिद सम्झौता गरी रु.१ करोड ३ लाख ९३ हजार मोविलाइजेशन पेश्की दिएकोमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार नभएको कारण निर्माण कार्य शुरु भएको छैन । निर्माण कार्यको सम्झौता भई मोविलाइजेशन पेश्की दिएको ३ वर्ष व्यतित हुँदासम्म पनि निर्माण कार्य शुरु नभएकोले वातावरणीय प्रभाव मूल्याङ्कन नगरी ठेक्का व्यवस्थापन गरी मोविलाइजेशन पेश्की दिने पदाधिकारीहरुलाई जिम्मेवार बनाइनु पर्दछ ।

१२. **जमानत** - जिल्ला प्राविधिक कार्यालय, सिरहा अन्तर्गतको सिरहा-सुखिपुर सडक १५ महिनाभित्र स्तरोन्नती गर्ने गरी २०७२।७।२ मा मूल्य अभिवृद्धि कर समेत रु.१८ करोड १० लाख ६७ हजारमा खरिद सम्झौता भएको छ । सम्झौता अनुसार १० प्रतिशत मोविलाइजेशन पेश्की रु.१ करोड ६० लाख दिएकोमा २०७३।१०।११ सम्म निमांण कार्यको भौतिक प्रगति १.५ प्रतिशत मात्र भएको छ । निर्माण कार्य सुचारु गर्न कार्यालयले पटक पटक पत्राचार गरे तापनि शुरु भएको पाइएन । निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि समाप्त भएको र पेश्की जमानतको म्याद समेत समाप्त भइसकेको छ । उक्त पेश्की जोखिममा परेको देखिएकोले खरिद सम्झौता बमोजिम निर्माण व्यावसायीलाई कारबाही गरी निर्माण कार्यसम्पन्न गर्नुपर्दछ ।

१३. **परामर्शदाता सेवा** - स्थानीय शासन तथा उत्तरदायी संयन्त्रको सचिवालय अन्तर्गत ६६ जिल्लाका स्थानीय निकायले सम्पादन गर्ने कार्यलाई छिटो छरितो र पारदर्शी बनाई गुणस्तरीय सेवा प्रदान गर्न ६६ सामुदायिक संस्थाबाट एक वर्षका लागि परामर्श सेवा लिन सम्झौता गरी रु.१४ करोड २५ लाख २४ हजार खर्च गरेको छ । परामर्श सेवा अन्तर्गत तालिम, सचेतना, अभिमूखीकरण लगायतका काम विभागीय जनशक्तिबाट गर्न नसकिने स्पष्ट आधार नखुलाएको र परामर्शदाताले सम्पन्न गरेको कामको मापन गर्ने स्पष्ट सूचकाङ्क तयार नगरेकोले खर्चको सार्थकता मापन गर्न सक्ने स्थिति छैन । उक्त संस्थाहरुको १ वर्षको म्याद समाप्त भएपछि म्याद थप प्रयोजनार्थ भएको मूल्याङ्कन अनुसार ६६ मध्ये १६ ले ६० भन्दा कम अङ्क प्राप्त गरेको अवस्थामा ३ महिना मात्र म्याद थप गर्ने र सो अवधिमा सूचकांङ्क सुधार गर्ने उल्लेख भएकोमा सो बमोजिम नगरी १

वर्षको म्याद थप गरी रु.३ करोड ३९ लाख ८० हजार भुक्तानी गरेको छ । खर्चका प्रमाण नराखी पारिश्रमिक तथा अन्य खर्च बापत रु.६ करोड ७३ लाख ३७ हजार सोधभर्ना भुक्तानी दिएको छ ।

अतः परामर्श सेवा अन्तर्गत तोकिएको मापदण्ड पूरा गरेको आधारमा गुणस्तरीयता सुनिश्चित भएपछि मात्र म्याद थप गर्ने, सम्झौतामा सोधभर्ना दिने व्यवस्था भएका खर्चहरु भुक्तानी गर्दा खर्चका बिल भरपाई प्राप्त भए पछि मात्र भुक्तानी गर्ने, परामर्श सेवाबाट लिइने सेवाको लागत अनुमान सार्वजनिक खरिद नियमावलीले तोकेका सूचकांङ्कहरु प्रयोग गरी तयार गर्नुपर्दछ ।

१४. **स्थानीय सडक पुल छनौट र निर्माण** - स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागबाट स्थानीय स्तरबाट माग भई आएका २ हजार ९० सडक पुलमध्ये ३३० पुलको विस्तृत सम्भाव्यता अध्ययन गरी २४२ पुल निर्माणका लागि छनौट भएकोमा २०६७।६८ देखि २०७२।७३ सम्ममा २११ पुलको निर्माण सम्झौता भई १९ पुल विभागबाट र १९० पुल स्थानीय स्तरबाट निर्माण कार्य सञ्चालन गर्ने गरी खरिद सम्झौता भएकोमा विभाग र स्थानीय स्तरमा सञ्चालन हुने पुल निर्माण सम्बन्धी छनौटको स्पष्ट आधार तयार गरेको देखिएन । निर्माणाधीन १९ मध्ये १ पुल मात्रको निर्माण कार्य सम्पन्न भएको, सम्झौता अनुसार १२ पुलको अवधि समाप्त भएको, ६ पुलमा पाँचौं पटकसम्म म्याद थप भएकोमा समेत निर्माण कार्यसम्पन्न हुन सकेको छैन । बाँके जिल्लाको मान नदी पुलमा ५ पटक र कपिलवस्तु जिल्लाको सुरही नाला पुलमा ४ पटक म्याद थप भए तापनि कार्यसम्पन्न भएको छैन । चौरी खोला पुल काभ्रेपलाञ्चोक, सभाखोला पुल बाह्रबीसे संखुवासभा र किस्ने खोला पुल झापा समेतको गत वर्षसम्म रु.२ करोड २७ लाख २९ हजार भुक्तानी भएकोमा म्याद थप भएको तथा यो वर्ष निर्माण कार्य सुचारु रहेको पाइएन ।

त्यस्तै निर्माणाधीन पुन्तरागाड सडक पुल डडेल्धुरा, सुनकोशी नदी पुल, मर्स्याङ्दी नदी पुल मनाङ र मोहना नदी पुल कञ्चनपुर समेत ४ को जग खन्ने स्थानमा चट्टान रहेको, फाउण्डेशन कार्यमा पाइल थप गर्नुपर्ने, फाउण्डेशन परिवर्तन गर्नुपर्ने कारणबाट डिजाइन परिवर्तन गरेको छ । डिजाइन परिवर्तनका कारण १ पुलमा भेरिएशनबाट रु.१२ लाख ८ हजार घटेको छ भने ३ पुलमा रु.९५ लाख ७६ हजार थप भएको छ । पुलहरुको शुरु ड्रइङ्ग डिजाइन तयारी कार्यमा कमी कमजोरी रहेको देखिएकोले आवश्यकता अनुसार निर्माणका लागि पुल छनौटको आधार स्पष्ट गर्नुपर्ने, स्वीकृत कार्यतालिका बमोजिम कार्यसम्पन्न गर्नुपर्ने एवं त्रुटीपूर्ण ड्रइङ्ग डिजाइन गर्नेलाई कारबाही गरी समयमै निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

१५. **प्राकृतिक स्रोत साधनको उपयोग** - स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६ र २१७ बमोजिम जिल्ला विकास समितिको क्षेत्राधिकार भित्रको बालुवा, गिट्टी, ढुङ्गा, माटो लगायतका प्राकृतिक स्रोत साधनको व्यवस्थापन एवं उपयोग गरी राजस्व सङ्कलन गर्न सक्ने व्यवस्था अनुसार जिल्ला विकास समितिको कार्यालय, भक्तपुरले ६ स्थानमा ठेक्का व्यवस्थापन गरी विगत ४ वर्षमा रु.५ करोड ३२ लाख ५२ हजार असुल गरेको थियो भने यो वर्ष ठेक्का लाग्न नसकेका कारण रकम असुली भएको छैन । प्राप्त विवरण अनुसार विगत ४ वर्षमा प्राप्त राजस्वको आधारमा प्रतिवर्ष औषतमा ६० लाख ३८ हजार ८७५ घनफिट बालुवा र ढुङ्गा, १६ लाख ९८ हजार घनफिट पाङ्गो माटो उत्खनन् भएको देखिए तापनि सोको पुष्ट्याई तथा परिमाण नियन्त्रण व्यवस्था अवलम्बन गरेको देखिएन ।

त्यस्तै अवैध खानी उत्खननको अनुगमन गरी त्यस्तो प्राकृतिक स्रोत जफत एवं लिलाम गरी राजस्व दाखिला गर्नुपर्ने व्यवस्था अनुसार २०७३।१।७ मा गरेको अनुगमनबाट ८ हजार ५११ घनमिटर बालुवा जफत गरेकोमा सोको लिलाम नगरेकोले रु.२ करोड ३१ लाख २० हजार प्राप्त हुन सकेको छैन । विभिन्न ६२ ईटा भट्टाबाट रु.४६ लाख ५० हजार आय सङ्कलन भएकोमा उत्पादन क्षमता विश्लेषण गरेको देखिएन भने खानी सञ्चालन अनुमति दिँदा खानीमा संलग्न जनशक्तिको विवरण, वीमा तथा सुरक्षा नियन्त्रण सम्बन्धमा अभिलेख रहेको देखिएन ।

अतः स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली बमोजिम प्राकृतिक स्रोत साधनको व्यवस्थापन गरी अधिकतम उपयोग गरी परिषद्को निर्णय अनुसार आय सङ्कलन गर्ने, चोरी निकासी नियन्त्रण गर्ने लगायतका कार्य गर्नुपर्ने देखिन्छ ।

१६. **तुइन विस्थापन** - बजेट वक्तव्य २०७२।७३ मा आगामी २ वर्षभित्र तुइनलाई झोलुङ्गे पुलद्वारा विस्थापन गर्ने नीति अनुसार सस्पेन्सन ब्रिज डिभिजनले विस्तृत सर्वेक्षण गर्दा ४३ जिल्लामा २३७ तुइनमध्ये अस्थायी तरितराउ र छोटो तरि भएका ६६, झोलुङ्गेपुल निर्माण गर्न सम्भाव्यता नभएका २९, डिजाइन तथा

फाउण्डेशनको थप अध्ययन गर्नुपर्ने ३ समेत ९८ (४१.३५ प्रतिशत) मा तुइन विस्थापन कार्य हुन सकेको छैन भने बाँकी १३९ (५८.६५ प्रतिशत) तुइन प्रतिस्थापन गर्ने कार्य भइरहेको छ ।

तुइन विस्थापनको लागि नेपाल सरकारले २०७२।६।२५ मा निर्णय गरेको भए तापनि तुइन प्रतिस्थापन सम्बन्धी कार्यविधि २०७३।४।७ मा मात्र पारित गरेको छ । सामान्यतया पुल निर्माणको अवधि १ वर्षदेखि १८ महिनासम्म रहेकोमा लेखापरीक्षण अवधिसम्ममा कूल १३९ मध्ये ८ पुल (५.७५ प्रतिशत) निर्माण सम्पन्न भएको, ५२ पुल (३७.४ प्रतिशत) को कार्यसम्पन्न हुने म्याद २०७४ असोज मसान्तसम्म रहेको, २३ पुल (१६.५ प्रतिशत) बोलपत्र मूल्याङ्कनमा रहेको छ । त्यस्तै जिल्ला विकास समिति मार्फत सम्पन्न हुने ५६ पुल (४०.३५ प्रतिशत) सम्पन्न हुने अवधिका सम्बन्धमा डिभिजनमा अभिलेख नरहेको स्थिति छ । थप अध्ययन गर्नुपर्ने, छोटो तरि र सम्भाव्यता नदेखिएका ९८ पुल प्रतिस्थापन गर्ने कार्ययोजना तयार नभएको तथा पर्याप्त बजेट व्यवस्था भए तापनि जनशक्ति अभाव रहेको जानकारी प्राप्त भएकोले आगामी दुई वर्षभित्र तुइन विस्थापनको कार्य सम्पन्न हुने स्थिति छैन ।

## जिल्ला विकास समितिहरु

१७. **स्थानीय तहको लेखापरीक्षणः** नेपालको संबिधानको भाग २२ धारा २४१ उपधारा १ मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सो को कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी वल, नेपाल लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको समेत विचार गरी लेखापरीक्षण महालेखा परीक्षकबाट हुने संवैधानिक व्यबस्था छ ।

१७.१. स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९(२) बमोजिम साविक गांउ बिकास समितिको अन्तिम लेखापरीक्षण गाउँ बिकास समितिबाट गठित लेखासमितिको सिफारिसमा जिल्ला बिकास समितिले स्वीकृत गरेको लेखापरीक्षकबाट गराउनु पर्ने र दफा १३५(२) बमोजिम नगरपालिकाको आय-व्ययको अन्तिम लेखापरीक्षण लेखा समितिको सिफारिसमा नगर परिषद्बाट छनौट भएका दर्तावाल लेखापरीक्षकबाट गराउनु पर्ने उल्लेख भएकोमा संविधानको धारा ३०४(१) बमोजिम ऐनको उक्त व्यबस्था संविधानको धारा २४१ संग बाझिएकोले स्थानीय तहको लेखापरीक्षण सम्बन्धी व्यवस्था अमान्य भई महालेखापरीक्षकले लेखापरीक्षण गर्ने व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने स्थिति छ ।

१७.२. राज्य पुनःसंरचना र संघीय व्यवस्थाको कार्यान्वयनको सन्दर्भमा विद्यमान संरचना परिवर्तन भई संघीय, प्रादेशिक र स्थानीय तह गठन हुने क्रममा स्थानीय निकायहरु नेपाल सरकारको निर्णयले २०७३।११।२७ देखि स्थानीय तहमा रुपान्तरण भई ७४४ इकाईमा परिणत भइसकेको छ । मन्त्रिपरिषद्को २०७३।११।९ को निर्णय अनुसार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले २०७३।११।२६ मा जारी गरेको स्थानीय तहको शासन सञ्चालन सम्बन्धी आदेश, २०७३ मा प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने र नेपाल सरकारबाट प्राप्त बजेट पनि अनुदानको नामबाट सोही कोषमा जम्मा गर्ने व्यवस्था गरी साविकका गाउँ बिकास समिति, नगरपालिका र जिल्ला विकास समितका खाताहरु बन्द गरी सम्बन्धित गाउँपालिका, नगरपालिका र समन्वय समितिको नाममा नयाँ खाता खोली सार्ने व्यवस्था मिलाएको छ ।

१७.३. संवैधानिक व्यवस्था अनुसार स्थानीय तहको २०७३।७४ देखि यस कार्यालयबाट लेखापरीक्षण गर्ने गरी प्रारम्भिक कार्यहरु शुरु भएको छ । मन्त्रालयका सचिवसंग सहमति गरी साविकका गाउँ विकास समिति र नगरपालिकाहरु २०७२।७३ को लेखापरीक्षण साविक बमोजिम गर्ने ब्यबस्था मन्त्रालयले मिलाउने र २०७३।७४ देखिको आर्थिक कारोबारको लेखापरीक्षण संवैधानिक व्यवस्थाअनुसार यस कार्यालयबाट गर्ने प्रक्रिया शुरु भएको छ । दर्तावाला लेखापरीक्षकबाट नगरपालिकाको २०७२।७३ को लेखापरीक्षण प्रतिवेदन यस कार्यालयमा उपलव्ध गराउने व्यबस्था मन्त्रालयले मिलाउने निर्णय अनुसार साविक ४१ नगरपालिकाको लेखापरीक्षण प्रतिबेदन प्राप्त भएको छ । उक्त लेखापरीक्षण प्रतिबेदन अध्ययन गर्दा स्रेस्ता र बैंक मौज्दात फरक परेको, सम्पत्तिको यथार्थ मूल्याङ्कन नगरेको, सापटी र सोधभर्ना हिसाब नमिलेको, राजस्व बाँडफाँड रकम सम्बन्धित जिल्ला विकास समितिमा नपठाएको, पेश्की फछ्र्यौट हुन बाँकी रहेको आदि व्यहोरा देखिएको छ ।

१७.४. स्थानीय तहको लेखापरीक्षण व्यवस्थापनका लागि स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम लेखाङ्कन, प्रतिवेदन तथा स्रेस्ता राख्ने सम्बन्धी कार्य गर्ने, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८ बमोजिम आर्थिक कारोबारको स्रेस्ता तयार गर्नुपर्ने एवं नियम ३९ बमोजिमको ढाँचामा स्रेस्ता अद्यावधिक गरी वासलात तयार गर्नुपर्ने, मासिक लगायत वार्षिक प्रतिवेदनहरु जस्तै खर्चको फाँटवारी, पेश्की खाता, बैंक हिसाबको विवरण, आर्थिक विवरण लगायतका फारामहरु राख्नुपर्ने, गाउँ विकास समिति र नगरपालिकाको स्रेस्ता कागजात पुनःसंरचना पश्चात बन्ने गाउँपालिका र नगरपालिकामा हस्तान्तरण हुने आदि व्यबस्था गर्नुपर्ने देखिएको छ ।

१७.५. स्थानीय तहको लेखापरीक्षणलाई सहज बनाउन सम्पर्क कार्यालय खोल्ने निर्णय गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पठाईएको छ ।

१७.६. स्थानीय तहमा परिचालन हुने स्रोत साधनको समुचित प्रयोग सम्बन्धमा आश्वस्तता प्रदान गर्न यस कार्यालयबाट लेखापरीक्षण कार्यको थालनी गर्नुपर्ने सन्दर्भमा लेखापरीक्षणलाई विश्वसनीय र गुणस्तरीय बनाउन स्थलगत रुपमा लेखापरीक्षण तथा सम्परीक्षण कार्यलाई सम्पादन गर्नुपर्ने देखिन्छ । महालेखापरीक्षकको कार्यालयको साविक जिम्मेवारीमा स्थानीय तहको लेखापरीक्षण थप जिम्मेवारीको रुपमा लिई आवश्यक जनशक्ति र बजेट व्यवस्था, कार्यविधि तथा मार्गदर्शनको विकास, जनशक्तिको लागि क्षमता विकासका साथै संस्थागत क्षमता विकासको कार्यलाई समेत अगाडि बढाउन नेपाल सरकार लगायत सबै सरोकारवालाको सहयोग आवश्यक देखिएको छ ।

१८. **लेखापरीक्षण स्थिति** - उपत्यका र हिमाली क्षेत्रका १२ जिल्ला बाहेक ६० जिल्लामा साविक गाउँ विकास समिति र नगरपालिकाहरुको लेखापरीक्षणको लागि दर्तावाला लेखापरीक्षकहरुको नियुक्ति, सेवा, शर्त तथा प्रतिवेदन जस्ता विषयमा यस कार्यालयबाट अनुगमन गर्दा ३३ जिल्लाबाट लेखापरीक्षक नियुक्ति भएको बिबरण प्राप्त भएको छ । सो अनुसार नगरपालिका तथा गाउँ विकास समितिको २०७२।७३ को लेखापरीक्षणका लागि नियुक्त भएका १ हजार ७२५ दर्तावाल लेखापरीक्षकलाई लेखापरीक्षण ऐन, २०४८ को व्यवस्था तथा लेखापरीक्षणका सम्बन्धमा अभिमूखीकरण/अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ । उक्त अभिमूखीकरण/अन्तरक्रिया कार्यक्रममा लेखापरीक्षण योजना तर्जुमा, लेखापरीक्षण व्यबस्थापन तथा प्रतिवेदन प्रणाली, आचारसंहिता तथा प्रतिवेदनमा न्यूनतम रुपमा उल्लेख गर्नुपर्ने व्यहोरा सम्बन्धमा जानकारी गराई लेखापरीक्षण स्थिति सम्बन्धमा संकलन गरिएको सूचना अनुसार देहाय बमोजिम देखिएको छ :

१८.१. ३३ जिल्लाका ४९ नगरपालिका र १ हजार ७२५ गाउँ विकास समितिमा लेखापरीक्षक नियुक्ति भएकोमा २०७३ माघ मसान्तसम्म २३ नगरपालिका र ३९३ गाउँ विकास समितिको लेखापरीक्षण सम्पन्न भएको छ ।

१८.२. लेखापरीक्षणका लागि न्यूनतम ९ देखि अधिकतम १८० दिन सम्म म्याद दिएको देखियो ।

१८.३. लेखापरीक्षण सम्पन्न भएका २३ नगरपालिका र ३९३ गाउँ विकास समितिमध्ये ८ नगरपालिका र १५ गाउँ विकास समितिको मात्र कारोबार अङ्क उल्लेख गरे अनुसार नगरपालिकातर्फ रु.१ अर्व ७७ करोड ११ लाख र गाउँ विकास समितितर्फ रु.२ अर्व १६ करोड ८२ लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

१८.४. आर्थिक कारोबार अङ्क खुलेका २३ नगरपालिका तथा गाउँ बिकास समितिको कुल बेरुजू रु.७ करोड ९७ लाख ७४ हजार देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६१ लाख २७ अजार, अनियमित रु.३ करोड ९२ लाख ८९ हजार र पेश्की रु.३ करोड ४३ लाख ५८ हजार बाँकी रहेको छ ।

१९. **गाउँ विकास समिति अनुदान** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७ मा गाउँ विकास समितिमा निकासा भएको अनुदानमध्ये आर्थिक वर्षको अन्त्यमा बचत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७१।७२ को गाउँ विकास समितिको अन्तिम लेखापरीक्षण प्रतिवेदन प्राप्त भएका सिरहा, ललितपुर, सर्लाही लगायत २० जिल्ला विकास समिति अन्तर्गतका ४४३ गाउँ विकास समितिको वित्तीय विवरण परीक्षण गर्दा कोष फिर्ता गर्नुपर्ने गाउँ विकास समिति अनुदान समेत रु.१८ करोड ७४ लाख २ हजार मौज्दात राखेको देखिएकोले अनुदान रकममध्ये खर्च नभई बाँकी रहेको रकम यकिन गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

२०. **अनुदान खर्च** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को नियम ६० अनुसार गाउँ विकास समितिमा निकासा गरेको सशर्त अनुदान नियम ५४ अनुसार जिल्ला विकास समितिले नियमित अनुगमन गरी समितिको कार्यक्रम बजेट, वित्तीय र भौतिक प्रगति प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, चितवन, ललितपुर, बर्दिया, काठमाडौं लगायत १४ ले रु.३ लाख घटीका विभिन्न कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराएको सशर्त अनुदानस्वरुप रु.११ करोड ९२ लाख ८७ हजारको वित्तीय, भौतिक तथा लेखापरीक्षण प्रतिवेदन समेत प्राप्त नगरेकोले उक्त खर्च र उपलब्धिको सम्बन्धमा आश्वस्त हुने अवस्था रहेन ।

२१. **आयोजना छनौट** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ११(२) मा आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको पुँजीगत अनुदानबाट रु.५ लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय बैतडी, धादिङ, अछाम लगायत १० ले यो वर्ष पुँजीगत शीर्षकबाट रु.५ लाखभन्दा कम लागतका १ हजार ५६७ आयोजना छनौट गरी रु.२७ करोड ७६ लाख ५० हजार खर्च गरेकोले कार्यविधि बमोजिम आयोजना छनौट गर्नुपर्दछ ।

२२. **परिषद्बाट स्वीकृत नभएका योजना** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६ (१) मा जिल्ला परिषद्बाट स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय ललितपुर, बर्दिया, सिरहा लगायत २४ ले परिषद्ले पारित नगरेको भए तापनि एकल बोर्डको निर्णयको आधारमा ७९५ योजनामा रु.२४ करोड ५१ लाख २५ हजार खर्च गरेका छन् । परिषद्को स्वीकृति बेगर एकल बोर्डको पटके निर्णयका आधारमा योजना बाँडफाँड गर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्दछ ।

२३. **कम लागतका योजना** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ६० (२) मा तीन लाख वा सो भन्दा कम लागत अनुमान भएका भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धी कार्यक्रमको कार्यान्वयन जिल्ला विकास समिति आफैले नगरी गाउँ विकास समिति, नगरपालिका र विषयगत कार्यालय मार्फत गराउनुपर्ने व्यवस्था भए तापनि जिल्ला विकास समितिको कार्यालय दाङ, रुपन्देही, सुनसरी, ललितपुर लगायत ९ ले सो विपरीत कम लागतका ६४४ कार्यक्रम सञ्चालन गरी रु.१० करोड ९४ लाख १९ हजार खर्च लेखेको देखियो ।

२४. **अधुरा योजना** - स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा जिल्ला विकास समितिको कार्यालयले योजना छनौट गर्दा लागत, समय, स्रोत र त्यसबाट प्राप्त हुने प्रतिफल समेतको पूर्व अनुमान गरेर योजना छनौट गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, अछाम, रौतहट, रामेछाप लगायत १५ ले लागत अनुमान रु.६४ करोड १ लाख ५१ हजार भएका गत विगत वर्षदेखि सञ्चालित १२४ योजनामा यो वर्ष रु.२८ करोड ६९ लाख ६७ हजार खर्च गरेकोमा ती योजनाहरु सम्पन्न भएका छैनन् ।

२५. **लागत वृद्धि** - सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम १० मा स्वीकृत नर्म्सअनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, जुम्ला, मकवानपुर, बाग्लुङ, ललितपुर, सल्यान, उदयपुर, रोल्पा, बर्दिया र पर्वतले सडक तथा पुल निर्माण कार्यको सम्झौतामा मोटरसाइकल, ल्यापटप, गाडी भाडा आदि निर्माण कार्यसँग असम्बन्धित कार्य समावेश गरी रु.६६ लाख ३३ हजार खर्च गरेकोले निर्माण कार्यको लागत बढाएको छ । सार्वजनिक लेखा समितिको २०६९।१।८ को परिपत्रमा यस प्रकारको खर्चमा नियन्त्रण गर्ने उल्लेख भएतापनि स्थिति यथावत् रहेको छ ।

२६. **पूर्वनिर्धारित क्षतिपूर्ति** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायी, आपूर्तिकर्ताको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय धनुषा, गोरखा, नवलपरासी लगायत १३ ले ठेक्का सम्झौता अन्तर्गतका निर्माण कार्य तोकिएको मितिमा सम्पन्न नगरेकोमा उल्लेखित प्रावधान अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति रु.१ करोड ८७ लाख ८४ हजार असुल गरेका छैनन् ।

२७. **निष्क्रिय मोविलाइजेशन** - जिल्ला विकास समितिको कार्यालय, डोल्पाले रुपगार्ड मोटरेवल पुल निर्माण गर्न एक निर्माण व्यवसायीसंग २०७३।८।१० मा कार्य सम्पन्न गर्ने गरी २०७२।४।११ मा रु.३ करोड १५ लाख ३३ हजारमा गरेको सम्झौता अनुसार २०७२।६।१४ मा रु.५५ लाख मोविलाइजेशन पेश्की दिएको छ । कार्य सम्पन्न गर्नुपर्ने अवधि २०७३।८।१० सम्म पनि साईटमा कुनै काम भएको छैन । निर्माण व्यवसायीले ठेक्का सम्झौता गर्दाको बखत कार्यतालिका पेश नगरेको तथा उक्त कार्य गराउन कार्यालयतर्फबाट समेत कुनै कारबाही गरेको देखिएन । यसरी सम्झौता अनुसार कार्य नगर्ने निर्माण व्यवसायीलाई कारबाही गरी कालो सूचीमा राख्ने, मोविलाइजेशन पेश्की फिर्ता लिने तथा बाँकी कार्य गराउँदा लाग्ने थप रकम समेत असुल गर्नुपर्दछ ।

२८. **समपूरक कोष** - जिल्ला विकास समितिको कार्यालय, बाँकेले जिल्ला विकास समिति अनुदान पुँजीगततर्फ र स्थानीय पूर्वाधार क्षेत्रगत कार्यक्रमबाट बचत रकम फ्रिज गर्नुपर्नेमा क्रमशः रु.४२ लाख र रु.९ लाख समपूरक कोषमा ट्रान्सफर गरेकोले उक्त रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

२९. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, सुनसरी, दाङ, कालिकोट लगायत २२ ले सार्वजनिक निर्माण, परामर्श सेवा तथा सामान खरिदमा प्रतिस्पर्धा बेगर सोझै खरिद गरी रु.६ करोड २२ लाख ९५ हजार भुक्तानी गरेका छन् । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३०. **बिल भरपाई** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । जिल्ला विकास समितिको कार्यालय, दाङ, अछाम, मुगु लगायत ४९ ले यो वर्ष विभिन्न शीर्षकबाट विभिन्न कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायहरुलाई खर्चको बिल भरपाई नराखी रु.१९ करोड २ लाख ७३ हजार भुक्तानी गरेका छन् । सार्वजनिक लेखा समितिले २०६९।१।१० मा यस्तो खर्चको सम्बन्धमा असुलउपर गर्ने तथा विभागीय कारवाही गर्न निर्देशन दिएको व्यहोरा गत वर्षको प्रतिवेदनमा समावेश गरेकोमा यो वर्ष पनि स्थितिमा सुधार भएको छैन । उक्त खर्चका सम्बन्धमा छानबिन गरी कारबाही गर्नुपर्दछ ।

३१. **चालु प्रकृतिका खर्च** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुँदा १३ मा जिल्ला विकास कोषको पुँजीगत रकमबाट कुनै पनि प्रकारको चालु प्रकृतिका खर्च, आर्थिक सहायता, चन्दा एवं पुरस्कार सम्बन्धी खर्च तथा सापटी ल्याई वा रकमान्तर गरी चालु शीर्षकमा खर्च गर्न नपाइने उल्लेख छ । पुँजीगततर्फको कार्यक्रमबाट जिल्ला विकास समितिको कार्यालय, बर्दिया, नवलपरासी, महोत्तरी लगायत १३ ले चालु प्रकृतिका कार्यमा रु.२ करोड ५ लाख ४० हजार खर्च लेखेकोले कार्यविधिको पालना भएको छैन ।

३२. **बीमा** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रु.१० लाखभन्दा बढी मूल्यको निर्माण कार्यको बीमा गराउनुपर्ने उल्लेख छ । जिल्ला विकास समितिको कार्यालय सप्तरी, सिन्धुली, गोरखा लगायत ९ ले रु.१० लाखभन्दा बढीको लागत अनुमान भएका २० ठेक्कामा बीमाको व्यवस्था नगरी रु.२७ करोड १२ लाख ८२ हजारको सम्झौता गरेका छन् ।

३३. **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार रु.६० लाखसम्म लागत अनुमान भएका निर्माण कार्य र नियम १५५(झ) मा जटिल प्राविधिक पक्ष र मेशिनरी बढी प्रयोग हुने काम बाहेक श्रम प्रधान काम मात्र उपभोक्ता समितिबाट गराउनुपर्ने व्यवस्था छ ।

३३.१. जिल्ला विकास समितिको कार्यालय, बर्दिया, सिरहा, अर्घाखाँची र मुगुले रु.६० लाखभन्दा बढी लागत अनुमान भएका रु.७ करोड ८२ लाख ९ हजारको निर्माण कार्य ६ उपभोक्ता समितिबाट गराई यो वर्ष रु.६ करोड १० लाख ३९ हजार खर्च गरेको पाइयो ।

३३.२. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत सञ्चालित योजनाहरुमा सम्झौताअनुसारको योगदानभन्दा कम काम भएमा कार्यालयले दिने अनुदान रकममा समेत आनुपातिक हिसाबबाट कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । यो वर्ष जिल्ला विकास समितिको कार्यालय, रामेछाप, दार्चुला लगायत २० ले उपभोक्ता समितिहरुलाई खुद काम गरेको अनुपातभन्दा रु.४५ लाख ६३ हजार बढी भुक्तानी दिएकोले असुल गर्नुपर्दछ ।

३३.३. जिल्ला विकास समितिको कार्यालय, बाँकेले जेठीनाला पक्की पुल निर्माण कार्यको बिल अफ क्वान्टिटीभित्र रहेका तटबन्धको काम निर्माण व्यवसायीबाट रु.३० लाख ९९ हजारमा गराइसकेको अवस्थामा पुनः सोही कार्य उपभोक्ता समितिबाट गराई रु.२१ लाख ६२ हजार भुक्तानी गरेको छ । मूल ठेक्का समाप्त नहुँदै प्राविधिक आधार प्रमाण बेगर दोहोरो हुने गरी रु.२१ लाख ६२ हजार भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

३३.४. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बूँदा २५ मा गत वर्ष तोकिएको कामभन्दा बढी कार्य गरेको भनी रकम माग गर्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी सम्बन्धित प्राविधिकलाई समेत कारबाही गर्नुपर्ने उल्लेख छ । सिरहा जिल्लाको वस्तीपुर-किचना सडक उपभोक्ता समितिलाई गत वर्ष सडक कालोपत्रे कार्यमा थप काम गरेको भनी यो वर्ष रु.११ लाख नियम विपरीत भुक्तानी दिएको छ । उक्त कार्यविधि अनुसार कारबाही गरेको छैन ।

३४. **कन्टिन्जेन्सी** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा जिल्ला विकास समितिले आफ्नो स्रोतबाट सञ्चालित वा अन्य निकायको कार्यक्रमलाई पुँजीगत लगानीको रकमबाट “क” “ख” र “ग” वर्गका जिल्लामा क्रमशः ५,४ र ३ प्रतिशत रकम छुट्याई कन्टिन्जेन्सी खर्च गर्न सक्ने व्यवस्था छ । यो वर्ष जिल्ला विकास समितिको कार्यालय, ताप्लेजुङ, रामेछाप, नवलपरासी लगायत १२ ले विभिन्न बजेट शीर्षकमा नियमले तोकेभन्दा रु.३७ लाख ११ हजार बढी कन्टिन्जेन्सी खर्च लेखेका छन् । सार्वजनिक लेखा समितिबाट २०६९।१।१० मा यस्तो कार्य गर्नेलाई सचेत गराउने निर्णय गरेको भए तापनि सुधार भएको छैन ।

३५. **प्रशासनिक खर्च** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत बजेटको परिधिभित्र रही जिल्ला विकास समितिले आन्तरिक आयको निश्चित् प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ ।

३५.१. जिल्ला विकास समितिको कार्यालय, काठमाडौं, मोरङ, इलाम, लगायत ४८ ले यो वर्ष पनि आन्तरिक आयबाट तोकिएको सीमाभन्दा रु.२३ करोड ६२ लाख ५० हजार बढी खर्च गरेका छन् । यस सम्बन्धमा २०६८।१२।१ मा सार्वजनिक लेखा समितिबाट बढी खर्च गर्नेलाई विभागीय कारबाही गर्ने निर्णय भए तापनि स्थिति यथावत् छ ।

३५.२. स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ को अनुसूची-२६ मा जिल्ला विकास समितिलाई प्राप्त हुने राजस्व बाँडफाँड बापतको रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाउने व्यवस्था भए तापनि जिल्ला विकास समितिको कार्यालय, बर्दिया, सिरहा, इलाम, ललितपुर र दार्चुलाले राजस्व बाँडफाँड बापत प्राप्त रु.२ करोड ३७ लाख ८० हजार चालु खर्च खातामा ट्रान्सफर गरी खर्च गरेका छन् । नियममा भएको व्यवस्थाको पालना नगरी राजस्व बाँडफाँडको रकमबाट प्रशासनिक कार्यमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३६. **ट्रान्सफर** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको रकम सम्बन्धित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, इलाम, सल्यान, जुम्ला, मकवानपुर, तनहुँ र रुपन्देहीले नेपाल सरकारबाट प्राप्त रकममध्ये रु.१० करोड ९३ लाख ९३ हजार जिल्ला विकास कोषमा ट्रान्सफर गरेका छन् । यस सम्बन्धमा सार्वजनिक लेखा समितिबाट २०६९।१।१० मा सम्बन्धितलाई सचेत गराउने र यस्तो प्रवृति नदोहोऱ्याउने तथा बाँकी रकम फिर्ता गर्ने निर्णय भएकोमा यो वर्ष पनि दोहोरिएको छ । यस्तो रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

३७. **आर्थिक सहायता** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को नियम १३(४) मा स्थानीय निकायमा निर्वाचित प्रतिनिधि बहाली नभएसम्म वा अर्को व्यवस्था नभएसम्म स्थानीय निकायको चालु तथा पुँजीगत रकमबाट कुनै पनि प्रकारको आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने व्यवस्था विपरीत जिल्ला विकास समितिको कार्यालय, मोरङ, इलाम, कालिकोट लगायत ७ ले रु.५४ लाख ८४ हजार आर्थिक सहायता दिएका छन् । सार्वजनिक लेखा समितिबाट २०६९।१।१० मा यस्तो खर्च गर्ने सम्बन्धित पदाधिकारीलाई सचेत गराउने र आयन्दा दोहोरिन नदिने निर्णय भएको व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेको भए तापनि स्थिति यथावत् रहेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३८. **भैपरी आउने खर्च** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५६ बमोजिम जिल्ला विकास समितिको कार्यालयले स्वीकृत बजेटको परिधिभित्र रही ऐनबमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र

भाडाबाट उठाएको कूल रकमको १ प्रतिशतसम्म भैपरी आउने विकास कार्यका लागि खर्च गर्न सकिने व्यवस्था भए तापनि जिल्ला विकास समितिको कार्यालय उदयपुर, मुगु, बर्दिया र ललितपुरले सो सीमाभन्दा बढी रु.११ लाख ५९ हजार खर्च गरेकोले नियमको पालना भएको छैन ।

३९. **गत वर्षको जिम्मेवारी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम आगामी वर्ष जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ । यो वर्ष जिल्ला विकास समितिको कार्यालय कालिकोट, उदयपुर, म्याग्दी लगायत ९ ले कोषतर्फ गत वर्षको मौज्दातभन्दा रु.२ करोड ११ लाख २२ हजार घटी तथा जिल्ला विकास समितिको कार्यालय बाजुरा, नवलपरासी, मुस्ताङ र दाङले रु.१ करोड ६ लाख ८२ हजार बढी जिम्मेवारी सारेका छन् । घटी/बढी जिम्मेवारी सारेको सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

४०. **बैंक समायोजन** - जिल्ला विकास समितिको कार्यालय ३१ ले स्रेस्तामा उल्लेख भए अनुसारभन्दा बैंक मौज्दात रु.४६ करोड ३ लाख १८ हजार बढी तथा ११ ले रु.१३ करोड ७२ लाख ७४ हजार घटी देखाएकोमा बैंक समायोजन हिसाब तयार नगरेकोले मौज्दात रकम यकिन हुन सक्ने देखिएन । बैंक मौज्दात घटी/बढी देखिएको सम्बन्धमा आवश्यक छानबिन एवं कारबाही गरी टुङ्गो लगाउनु पर्दछ ।

४१. **आन्तरिक आय** - स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७ र २१८ मा जिल्ला विकास समितिले कर, दस्तुर, सेवा शुल्क र बिक्रीबाट आय आर्जन गर्न सक्ने व्यवस्थाअनुसार जिल्ला विकास समितिको कार्यालय ५५ ले रु.१ अर्ब ६० करोड २४ लाख ४ हजार आम्दानी गरेका छन् ।

४१.१. जिल्ला विकास समितिको कार्यालय, काठमाडौं, झापा, ललितपुर लगायत ३४ ले विभिन्न आय ठेक्काका व्यवसायीहरुबाट गत वर्षसम्मको रु.१७ करोड १ लाख समेत रु.२७ करोड ६५ लाख ८० हजार सेवा शुल्क, कर दस्तुर र बिक्री बापतको रकम असुल गरेका छैनन् ।

४१.२. जिल्ला विकास समितिको कार्यालय ललितपुर, बर्दिया, मकवानपुर लगायत ९ ले ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल आदिको ठेक्काबाट रु.१३ करोड ६३ लाख ४३ हजार असुल गरेको भए तापनि परिमाण नियन्त्रण गर्ने आधार तय गरेको देखिएन । परिमाण यकिन नगरिँदा प्राकृतिक स्रोत सम्पदाको अत्यधिक दोहन नियन्त्रण गर्न नसकिने भएकोले निकासी परिमाण नियन्त्रण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

४१.३. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) जिल्ला विकास समितिको कार्यालय, झापा, सुनसरी, धनुषा लगायत २३ ले यो वर्ष असुल गरेको ठेक्काको आम्दानी रु.३३ करोड ४० लाख ४२ हजारको मूल्य अभिवृद्धि कर रु.४ करोड ३४ लाख २६ हजार असुल गरेका छैनन् । त्यस्तै जिल्ला विकास समितिको कार्यालय सिन्धुपाल्चोकले अमानतबाट गरेको आय असुलीको मूल्य अभिवृद्धि कर रु.२८ लाख ४० हजार सञ्चित कोष दाखिला गरेको छैन ।

४१.४. स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १७०(२) बमोजिम सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा बढीमा १० प्रतिशतसम्म छुट दिन सक्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, काठमाण्डौले यो वर्ष ३ आय ठेक्का सम्झौता गरेकोमा ठेक्का रकमको १३ प्रतिशत मूल्य अभिबृद्धि कर रु.१० लाख ५३ हजार नबुझाएको अवस्थामा पुरै रकम दाखिला गरेको भनी रु.८ लाख ४६ हजार छुट दिएकोले असुल गर्नुपर्दछ ।

४१.५. जिल्ला विकास समितिको कार्यालय, कैलालीले कृषि तथा पशुजन्य वस्तुमा निकासीको लागि २०७२।३।३० मा एक निकासीकर्तासंग रु.१ करोड ३५ लाखको ११ ठेक्का बन्दोवस्त गरेकोमा निजले तोकिएको मिति (२०७३।३।२१) मा किस्ता नबुझाएको कारण रु.२५ लाख ५१ हजार किस्ता तथा हर्जाना असुल गर्नुपर्ने देखिएको छ ।

४१.६. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६९(५) बमोजिम बैंकको कार्यसम्पादन जमानत लिई पट्टा दिनुपर्नेमा जिल्ला विकास समितिको कार्यालय पर्सा र दाङले रु.७८ लाख १३ हजारको आय ठेक्का सम्झौता गर्दा कार्यसम्पादन जामानत नलिई पट्टा दिएको देखियो । कार्यसम्पादन जमानत नलिई सम्झौता गर्नेलाई जिम्मेवार बनाई ती ठेक्काको कार्यसम्पादन जमानत लिनुपर्दछ ।

४१.७. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७५ मा जुन प्रयोजनको लागी धरौटी राखिएको हो सो काम पूरा भई प्रचलित कानुन बमोजिम वा करारको शर्तनामा बमोजिम धरौटी रकम सम्बन्धित निकायको

कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । जिल्ला विकास समितिको कार्यालय बाराले यो वर्ष भुस, ब्राण्ड, पीना तथा जडिबुटी निकासी गर्ने एक व्यवसायीसंग रु.९२ लाख ७० हजारमा सम्झौता गरेकोमा निजको नाममा धरौटी खातामा रहेको रु.९ लाख र अर्को एक व्यवसायीसंग रु.७७ लाख ७३ हजारमा ठेक्का सम्झौता भएकोमा निजको नाममा धरौटीमा रहेको रु.२९ लाख २८ हजार समेत जम्मा रु.३८ लाख २८ हजार धरौटी सदरस्याहा गरी हिसाव मिलान गर्न व्यवसायीले निवेदन दिए तापनि सदरस्याहा गरी आम्दानी जनाएको छैन ।

त्यस्तै, जिल्ला विकास समितिको कार्यालय धनुषा र खोटाङ्गले ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन गर्ने ४ व्यवसायीले बुझाउनु पर्ने किस्ता रु.७१ लाख ३ हजार धरौटी रकमबाट मिलान गर्ने निवेदन दिएकोमा आय खातामा जम्मा नगरी धरौटी खातामा नै मौज्दात राखेको छ । उक्त रकम आय शीर्षकमा आम्दानी बाँध्नु पर्दछ ।

४२. **अबण्डा** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३(ज) मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, दाङ, सिन्धुली, कैलाली, सुनसरी र पर्वतले परिषद्बाट २०७२।७३ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी एकमुष्ठ रुपमा रु.२१ करोड ८३ लाख ४७ हजार बजेट अबण्डा राखेको र विभिन्न कार्यक्रममा खर्च गरेको पाइयो । यस सम्बन्धमा सार्वजनिक लेखा समितिले २०६९।१।१० मा आयन्दा अवण्डाबाट काम गरेको पाइएमा कारबाही गर्ने निर्णय गरेको भए तापनि पुनः दोहोरिएको छ ।

४३. **अन्य प्रयोजनको खर्च** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको काम बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असुल उपर गरी विभागीय कारबाही समेत गर्न सकिने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, ललितपुर, कपिलवस्तु, सिरहा लगायत २३ ले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्ला स्थित ६२ कार्यालयको विभिन्न कार्यमा रु.१ करोड ३५ लाख २३ हजार भुक्तानी गरेको पाइयो । अतः ऐनमा भएको व्यवस्था अनुसार गर्नुपर्दछ ।

४४. **अग्रिम कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष जिल्ला विकास समितिको कार्यालय ४३ ले नियमानुसार भुक्तानीमा कट्टी गर्नुपर्ने आयकर र बहाल कर रु.८१ लाख ७८ हजार कट्टी गरेको पाइएन ।

४५. **रकम फ्रीज** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को नियम ४७ बमोजिम जिल्ला विकास समितिको कार्यालय जुम्ला, पर्सा, कालिकोट लगायत २१ ले आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रु.९ करोड २२ लाख ६३ हजार फिर्ता नगरेकोले सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

४६. **कर वीजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएबमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई वीजक दिनुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय सप्तरी, सोलुखुम्बु, रुकुम लगायत १७ ले ७३ फर्मलाई वस्तु वा सेवा खरिद बापत रु.८६ लाख ९६ हजार मूल्य अभिवृद्धि कर भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर बीजक लिएको देखिएन । मूल्य अभिवृद्धि कर बीजक बेगर भुक्तानी गरेको कर रकम असुल गर्नुपर्दछ ।

त्यस्तै जिल्ला विकास समितिको कार्यालय कपिलवस्तु, सर्लाही, काठमाडौं, ताप्लेजुङ, बारा र सिन्धुपाल्चोकले विभिन्न २२ फर्मबाट जारी वीजक नम्बर नखुलेको, सच्याएको तथा हातले लेखेको कर वीजकबाट रु.४२ लाख ५ हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिएको छ । मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

४७. **स्थायी लेखा नम्बर** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७१ मा स्थानीय निकायले रु.५ हजारभन्दा बढीको खरिद कार्य गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अद्धिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय पर्सा, तेह्रथुम, इलाम लगायत २२ ले मूल्य अभिवृद्धि करमा दर्ता नभएका विभिन्न १८२ फर्मबाट जारी रु.५ हजारभन्दा बढीको बिलबाट रु.२ करोड १ लाख ६१ हजार मूल्यको सामान खरिद गरेको देखियो । नियमको पालना गर्नुपर्दछ ।

४८. **गैह्र सरकारी संस्था छनौट -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७० मा गैर सरकारी संस्थाबाट काम गराउँदा मौजुदा सूचीमा समावेश भएका संस्थालाई नियम २३३(६) अनुसार योग्य र न्यून रकम कबोल गर्ने परामर्शदातालाई छनौट गर्नुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय इलाम, कैलाली, धादिङ, डडेल्धुरा, अर्घाखाँची, मुगु र झापाले खरिद प्रक्रिया र प्रतिष्पर्धा बेगर झोलुङ्गेपुल निर्माणको परामर्श कार्यमा गैर सरकारी संस्थाको प्राविधिक क्षमता समेत परीक्षण नगरी विगतको सम्झौताका आधार जनाई म्याद थप गरी यो बर्ष कुल लागत रकमको ६ प्रतिशतका दरले रु.६२ लाख ४१ हजार खर्च लेखेका छन् । नियम विपरीत गैर सरकारी संस्था छनौट गरी खर्च गर्न मिल्दैन । नियमानुसार छनौट गर्नुपर्दछ ।

४९. **आन्तरिक लेखापरीक्षण प्रभावकारीता -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम जिल्ला विकास समिति एवं गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण गर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्केको जिल्ला विकास समितिको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने तथा गाउँ विकास समितिको बेरुजूको लगत राखी सम्परीक्षण गर्ने व्यवस्था छ

मासिक रुपमा आन्तरिक लेखापरीक्षण नगरी चौमासिक रुपमा गर्ने र आर्थिक वर्षको अन्तमा मात्र वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्ने परिपाटी यथावत रहेको छ । आन्तरिक लेखापरीक्षणले औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगाडि फछ्र्यौट गर्ने गरेको छैन । यस सम्बन्धमा जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण बेरुजू र फछ्र्यौटको स्थिति अध्ययन गर्दा ७ जिल्ला विकास समितिको रु.४७ करोड ३५ लाख ६५ हजार बेरुजू देखिएकोमा फछ्र्यौट नगरेको, ५ जिल्ला विकास समितिबाट बेरुजूको लगत अद्यावधिक नगरेकोले विवरण प्राप्त नभएको, जिल्ला विकास समितिको कार्यालय, काठमाडौंमा १९ व्यक्ति तथा संस्थाको नामको पेश्की रु.२ करोड ८५ लाख ९१ हजार बेरुजूमा समावेश नभएको, १२ जिल्ला विकास समितिले बेरुजूको आधार नखुलाई प्रतिवेदन गर्ने गरेको तथा सैद्धान्तिक र लगती बेरुजू नछुट्याएको एवं गाउँ विकास समितिको बेरुजू लगत तथा फछ्र्यौटको अभिलेख अद्यावधिक नगरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन ।

अतः नियमावलीको व्यवस्था अनुसार मासिक रुपमा कानुनी आधार खुलाई प्रतिवेदन गर्नुपर्ने र औंल्याइएका आन्तरिक लेखापरीक्षण बेरुजू समयमै फछ्र्यौट गरी आर्थिक कारोबार स्वच्छ र पारदर्शी गराउन ध्यान दिनुपर्ने देखिन्छ ।

# कार्यमूलक लेखापरीक्षण

## निर्वाचन क्षेत्र पूर्वाधार तथा विकास कार्यक्रम

निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रममा २०७१।७२ मा रु.३ अर्व ११ करोड ३९ लाख र २०७२।७३ मा रु.४ अर्व ६० करोड ९६ लाख खर्च भएको छ । उक्त कार्यक्रम अर्न्तगत योजना छनौट तथा कार्यान्वयन स्थितिको मितव्ययिता र कार्यदक्षता पक्षको मूल्यांकन गर्ने उद्देश्यले रसुवा, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली र ओखलढुङ्गाको विस्तृत रुपमा र अन्य जिल्ला विकास समितिहरुबाट प्रश्नावली तथा विवरण सङ्कलन र आवश्यकता अनुसार सरोकारवालाहरुसँग छलफल गरी सम्पन्न गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा देहाय बमोजिम छन्:

**समस्या :**

- तोकिएको आधारमा योजना छनौट नहुनु,
- धरै संख्यामा न्यून रकमका योजना छनौट हुनु,
- गैर सरकारी संस्था तथा राजनैतिक दलका भगिनी संगठनसँग सम्बन्धित आयोजना छनौट हुनु,
- आयोजना सञ्चालनमा जनसहभागीता नजुट्नु, आवश्यक बजेट र स्रोतको सुनिश्चितता नभई योजना छनौट हुनु,
- पर्याप्त अनुगमन तथा सुपरिवेक्षण नहुनु,
- वितरणमुखी खर्च हुनु ।

५०. **योजना छनौट तथा प्राथमिकीकरण -** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ को नियम ५(७) (८) ले आयोजना छनौट तथा प्राथमिकिकरणका आधारहरु उल्लेख गरेको छ । प्राप्त विवरण अनुसार निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमबाट २०७१।७२ मा सिन्धुली, रामेछाप लगायत ३१ जिल्लाले रु.८२ करोडका ८१० आयोजना र २०७२।७३ मा सिन्धुली, मुस्ताङ लगायत ३६ जिल्लाले रु.१ अर्ब ५० करोडका १ हजार ४२३ आयोजना छनौट गरेको उल्लेख भएकोमा उल्लेखित आधारमा छनौट तथा प्राथमिकिकरण गरेको देखिएन । छनौट तथा प्राथमिकताका आधारहरुको पहिचान नगरिएको कारणले मापदण्ड बेगर आयोजना छनौट हुने

गरेको छ । यसरी छनौट गरिएका आयोजनाहरुबाट कार्यक्रमको उद्देश्य पूरा नहुने हुँदा तोकिएका आधारहरुको पहिचान गरी नियमावलीले व्यवस्था गरे अनुरुपका आयोजना छनौट हुनुपर्दछ ।

५१. **आयोजना संख्या तथा लागत -** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमबाट २०७१।७२ मा बढीमा १०, २०७२।७३ मा बढीमा १५ र निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट २०७०।७१ मा ७ र २०७१।७२ र २०७२।७३ मा बढीमा १२ सम्म आयोजना छनौट गर्न सकिने र निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमतर्फ रु.७ लाखभन्दा कमको र निर्वाचन क्षेत्र विकास कार्यक्रमतर्फ रु.५० हजार सम्मको आयोजना छनौट गर्न नमिल्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमतर्फ २०७१।७२ मा हुम्ला, मुस्ताङ लगायत ९ जिल्लामा ५६, २०७२।७३ मा सिन्धुली, मुस्ताङ लगायत १५ जिल्लामा ९० र निर्वाचन क्षेत्र विकास कार्यक्रमतर्फ २०७०।७१ मा नुवाकोट, तनहुँ लगायत ६ जिल्लामा १५७, २०७१।७२ मा हुम्ला, जुम्ला, नुवाकोट र सल्यान जिल्लामा ५२ र २०७२।७३ मा हुम्ला, बाजुरा लगायत ११ जिल्लामा १२० समेत ४७५ बढी आयोजना छनौट गरेको देखियो ।

साथै निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमतर्फ २०७१।७२ मा दाङ, डोटी र धादिङ जिल्लामा रु.९४ लाखको २५ र २०७२।७३ मा नुवाकोट, दाङ लगायत ८ जिल्लामा रु.४ करोड ८० लाखको १७१ आयोजना रु.७ लाखभन्दा कम लागतको र निर्वाचन क्षेत्र विकास कार्यक्रमतर्फ २०७०।७१ मा पर्वत, नुवाकोट लगायत ९ जिल्लामा रु.६९ लाखको १५७, २०७१।७२ मा गुल्मी, कञ्चनपुर लगायत ७ जिल्लामा रु.४६ लाखको ९३ र २०७२।७३ मा सिरहा, कपिलवस्तु लगायत ७ जिल्लामा रु.२७ लाखको ५५ आयोजना रु.५० हजारभन्दा घटी लागतको छनौट भएको छ ।

नियममा भएको व्यवस्थाको पालना नभएको कारणले तोकिएको सीमा भन्दा बढी संख्या तथा कम लागतको आयोजनाहरु छनौट गरेको देखिन्छ । यसरी धैरै आयोजना छनौट हुँदा आयोजनाको लागि पर्याप्त बजेट विनियोजन नहुने तथा सा-साना आयोजनामा बजेट छरीने भएकोले आयोजना कार्यान्वयन प्रभावकारी हुँदैन । नियमले तोकेको सीमाभित्र रहेर आयोजना छनौट गर्नुपर्दछ ।

५२. **आयोजना छनौटको समय -** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम नियमावलीमा पहिलो चौमासिकभित्र सञ्चालन गर्ने निकाय, सम्पन्न गर्न लाग्ने समय र सञ्चालन गर्ने तरिका समेत खुलाई आयोजना छनौट गरी सक्नुपर्ने व्यवस्था भएपनि सोको पालना भएको छैन । प्रथम चौमासिकभित्र छनौट गरी सक्नुपर्ने व्यवस्थालाई २०७०।७१ को लागि २०७१ जेष्ठ मसान्त, २०७१।७२ को लागि २०७१ पौष मसान्त र २०७२।७३ को लागि २०७२ फाल्गुण मसान्तभित्र छनौट गर्ने गरी प्रत्येक बर्ष संशोधन गर्दै आएको छ । आयोजनाहरु ढिलो छनौट भई तेस्रो चौमासिकमा कार्यान्वयन भएकाले छनौट एवं कार्यान्वयन प्रकृयामा सुधार गर्नुपर्दछ ।

५३. **गैरसरकारी संस्था तथा भगिनी संगठन -** आयोजना छनौट गर्दा गैर सरकारी संस्था तथा राजनैतिक दल वा तिनका भगिनी संगठनसँग सम्बन्धित पूर्वाधार आयोजना छनौट गर्न नमिल्ने व्यवस्था छ । लेखापरीक्षणबाट रामेछाप, दाङ लगायत १७ जिल्लामा गैर सरकारी संस्था तथा राजनैतिक दलसँग सम्बन्धित रु.५ करोड ३५ लाखका १२६ आयोजना छनौट गरेको देखियो । नियमावलीमा भएको व्यवस्था पालना गरी गैर सरकारी संस्था र राजनैतिक दलसँग सम्बन्धित आयोजना छनौट कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५४. **जनसहभागिता -** निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ को नियम ३(६) (ग) मा कम्तीमा २० प्रतिशत जनसहभागीता हुनुपर्ने व्यवस्था छ । निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगत सञ्चालित कार्यक्रममा नुवाकोट, पर्वत लगायत ६ जिल्लामा सम्पन्न भएका रु.३ करोड ८ लाखको २५७ योजनामा जनसहभागीता शुन्य रहेको र नवलपरासी, रामेछाप लगायत १३ जिल्लामा रु.१७ करोड ३६ लाखको कार्यसम्पन्न भएको १ हजार १०० योजनामा जनसहभागीता २० प्रतिशतभन्दा कम भएको देखियो । नियमावलीमा भएको व्यवस्थाको पालना नगरेको कारण तोकिए अनुसारको जनसहभागीता नरहेको देखिन्छ । जनसहभागीता न्यून हुँदा सरकारको लगानी बढी हुने, खर्चमा मितव्ययीता नहुने अवस्था रहन्छ । तोकिए बमोजिमको जनसहभागीता जुटाई कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

५५. **स्रोतको सुनिश्चितता -** आयोजनाको लागत अनुमान तयार गर्दा विस्तृत सर्भेक्षण गरी आयोजनाको उद्देश्य अनुसार कार्यसम्पन्न गर्न लाग्ने कूल लागत अनुमान तयार गरेर कार्य सम्पन्न गर्नुपर्दछ । आयोजना लागत अनुमान तयार गरी सम्पन्न गर्न आवश्यक बजेट र स्रोतको सुनिश्चितता नभई तत्कालको बजेट अनुसारको लागत अनुमान तयार गर्ने र सोही अनुसार कार्य सम्पन्न गर्ने गरेको छ । आयोजनाको स्थलगत अवलोकन र सरोकारवालाहरुसँग भएको छलफल बमोजिम आयोजनाको उद्देश्य अनुसार कार्य सम्पन्न नभएका उदाहरण निम्नानुसार छन् :



बजेट अभावको कारण अधुरो रहेको महिला सञ्जाल भवन

५६. सिन्धुली निर्वाचन क्षेत्र नम्बर-३ अर्न्तगत हरीहरपुर-गढी-जितपुरगढी सडकमा २०७१।७२ मा रु.३ लाख ७२ हजार र २०७२।७३ मा रु.७ लाख ८१ हजार, किरायाखोर भञ्ज्याङ्ग-रानीछाँगा-सिरुवारी सडकमा २०७१।७२ मा रु.२ लाख १९ हजार र २०७२।७३ मा रु.१२ लाख ३७ हजार, सिन्धुली क्षेत्र नम्बर-२ अर्न्तगत ग्वालटार-सुदामे-रानीखोला-तिनकन्या सडकमा २०७२।७३ मा रु.८ लाख ६७ हजार, हैवार गाउँ-कालढुङ्गा-देउराली सडकमा रु.१२ लाख १७ हजार र सिन्धुली क्षेत्र नम्बर-१ अर्न्तगत खोर भञ्ज्याङ्ग-धामी खाडी-ठाकुरटोल सडकमा २०७२।७३ रु.१० लाख ५३ हजार खर्च भएकोमा निर्वाध रुपमा यातायात सञ्चालन हुने गरी सडक निर्माण भएको देखिँदैन । पर्याप्त बजेट विनियोजन गरी आयोजनाको उद्देश्य पुरा हुने गरी निर्माण कार्य हुनुपर्दछ ।



विच भागमा चिरा चिरा परेको अवस्थामा रहेको ग्वालटार-सुदामे-रानीखोला-तिनकन्या सडक

५७. सिन्धुली निर्वाचन क्षेत्र नम्बर-३ अर्न्तगत कपिलाकोट गा.वि.स.मा महिला सञ्जाल भवन निर्माणको लागि २०७२।७३ मा रु.३ लाख ५१ हजार, सिन्धुली क्षेत्र नम्बर-१ अर्न्तगत दुधौली हाटबजार टहरा निर्माणमा २०७२।७३ मा रु.११ लाख ७ हजार खर्च भएकोमा बजेट अभावको कारण अधुरो अवस्थामा रहेका छन् । आर्थिक बर्ष २०७३।७४ मा समेत बजेट विनियोजन नभएकोले आयोजना अधुरो रहिरहने र हालसम्म भएको खर्च अनुत्पादक हुने अवस्था देखिन्छ । उक्त भवन तथा हाटबजार टहराको निर्माण कार्य सम्पन्न गरी प्रयोगमा ल्याउनु पर्दछ ।

५८. रामेछाप क्षेत्र नम्बर-१ अर्न्तगत फर्पु ३ पुरानागाउँ-वडा नम्बर ४-देवालीथान-सहकारी जोड्ने सडकको ट्रयाक खोल्ने कार्यमा रु.१२ लाख ८१ हजार खर्च भएकोमा सडक मर्मत कार्य मात्र भएको देखियो । कागजातमा एउटै देखाएकोमा यथार्थमा फरक फरक स्थानमा २ सडक योजना सञ्चालन गरेको पाईयो । साथै सोही निर्वाचन क्षेत्र अर्न्तगतको भैरवी नि.मा.वी.-किरावोटे-भ्याकुरे खोला दोभान सडक ट्रयाक खोल्ने कार्यमा रु.६ लाख ८९ हजार खर्च भएकोमा यातायात सञ्चालन हुने गरी कार्य सम्पन्न भएको छैन ।

५८.१. रामेछाप क्षेत्र नम्बर २ अर्न्तगत बुद्धिष्ट समाज भवन निर्माणमा रु.१९ लाख ७० हजार खर्च भएकोमा भवन प्रयोगमा आउने गरी कार्य सम्पन्न नभएको, निर्माण पूरा नहुँदै चर्केको र भत्केको अवस्थामा रहेको पाइयो । आयोजनाको उद्देश्य पूरा हुने गरी कार्य सम्पन्न नभएकोले खर्च भएको रकम उपलब्धि विहिन अवस्थामा रहेको देखिन्छ । पर्याप्त अनुगमन तथा सुपरिवेक्षण गरी गुणस्तरीय कार्य गराउनुपर्दछ ।



प्रयोगमा नआएको र चर्केको र भत्केको अवस्थामा रहेको बुद्धिष्ट समाज

५८.२. रामेछाप क्षेत्र नम्बर-२ अर्न्तगत खैरेनीटार सुनकोशी

अस्थायी कल्भर्ट निर्माणको लागि २०७२।७३ मा रु.११ लाख ५५ हजार खर्च गरेकोमा करिव १ किलोमिटर नजिकमा स्थायी पूल निर्माणको प्रकृया शूरु भई सकेको र उक्त अस्थायी पूल भत्काईएकोले यसमा गरेको लगानी उपलब्धि विहिन भएको छ। दिगोपना हुने गरी आयोजनामा लगानी गर्नुपर्दछ।

५८.३. धादिङ्ग क्षेत्र नम्बर २ अर्न्तगत २०७२।७३ मा काफलछाप-तास खर्क खण्डको सडकमा रु.८ लाख ४६ हजार खर्च भएकोमा सोही गन्तव्यको लागि नगरपालिकाबाट समेत अर्को ट्रयाक खोलिएको र सो ट्रयाकबाट स्थानीयलाई सुविधा नपुगेको स्थानीयको भनाई छ। स्थलगत निरीक्षण गर्दा सडक संचालनमा रहेको देखिएन।

५८.४. ओखलढुंगा क्षेत्र नं.२ अर्न्तगत मानेभञ्ज्याङ्ग भोर्ले-भुतपानी-थाक्ले गा.वि.स. भवन मोटरबाटो निर्माणमा रु.९ लाख ८५ हजार र वेतिनि-पारादोभान सडक निर्माणमा रु. ७ लाख ७५ हजार खर्च गरी दुवै सडकको करीव २ कि.मी. ट्र्याक खोल्ने काम मात्र भएको र निर्धारीत स्थानमा पुग्न करिव ८ कि.मी. बाँकी रहेकोले योजना अधुरो रहेको देखिन्छ। आयोजनाको निर्धारित उद्देश्य प्राप्त हुने गरी आयोजना सम्पन्न गर्नुपर्दछ।

५८.५. शहीद स्मृती प्रतिष्ठान, चौतारा शाखाको निर्माणाधिन भवनको लागि यो बर्ष रु.२५ लाख विनियोजन भई खर्च भएको छ। लेखापरीक्षण अवधिसम्म उक्त भवनको निर्माण कार्य अधुरो रहेको र भवन एक राजनैतिक दलको भगिनी संगठनले प्रयोग गरीरहेको पाईयो।



**अधुरो अवस्थामा रहेको शहीद स्मृती भवन**

५८.६. भोजपुर जिल्ला सदरमुकाममा रंगशाला निर्माणको लागी रु.४ लाख ६७ हजार र गुरुयोजना निर्माणको लागि रु.३ लाख ७९ हजार खर्च भएकोमा पर्याप्त बजेट विनियोजन नभएको कारण रंगशाला निर्माणको काम अधुरो रहेको छ। साथै बाजुरा जिल्लाले २०७२।७३ मा बहुउद्देश्यीय कभर्डहल निर्माणको लागि रु.४५ लाख विनियोजन गरी ठेक्का मार्फत निर्माण कार्य गराएकोमा २०७३।८।१५ सम्म कार्य सम्पन्न गरेको छैन। कूल लागत रु.१ करोड ९३ लाख भएको उक्त आयोजनामा पर्याप्त बजेट विनियोजन नभई अधुरो रहेको छ। पर्याप्त बजेट विनियोजन गरी कार्यसम्पन्न गर्नुपर्दछ।

५९. **सुपरिवेक्षण तथा अनुगमन -** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ को नियम १४ र निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ को नियम ८(क) मा आयोजना अनुगमन सम्बन्धी व्यवस्था छ। प्राप्त विवरण अनुसार २३ जिल्लामध्ये सिन्धुली, पर्वत लगायत २२ जिल्लाले २०७०।७१ मा रु.४ करोड ६७ लाखका २९५ आयोजना, २०७१।७२ मा रु.४३ करोड २५ लाखको १ हजार ४५ आयोजना र २०७२।७३ मा रु.८७ करोड ७ लाखको १ हजार ८४३ आयोजना कार्यान्वयन भएकोमा सुपरिवेक्षण तथा अनुगमन भएको देखिएन। मुस्ताङ जिल्लामा रु.२ करोड ६ लाखका १९ वटा आयोजनाको अनुगमन गरेकोमा ९५ प्रतिशत योजना उपभोक्ता समितिले ठेक्कामा दिएको, ९५ प्रतिशत योजनामा सूचना पाटी नराखिएको र काम सम्पन्न नभएको योजनाको रकम फ्रिज हुन नदिन गा.वि.स.को खातामा पठाउने गरिएको अनुगमनबाट देखिएको उल्लेख छ। सञ्चालित आयोजनाको अनुगमन नगर्ने र अनुगमन गरेका आयोजनामा देखिएको कैफियतहरुमा सुधार नहुँदा आयोजना कार्यान्वयन प्रभावकारी नहुने भएकोले सुपरिवेक्षण तथा अनुगमन गरी कैफियत देखिएका व्यहोराहरु समयमै सुधार गर्नुपर्दछ।

**<u>सुझाउः</u>**

- तोकिएको आधारमा योजना छनौट गर्ने,
- पर्याप्त बजेट विनियोजन गरी योजना छनौट गर्ने,
- तोकिए बमोजिमको जनसहभागीता जुटाई योजना सञ्चालन गर्ने,
- आवश्यक बजेट र स्रोतको सुनिश्चि गरी योजना छनौट गर्ने,
- पर्याप्त अनुगमन तथा सुपरिवेक्षणको व्यवस्था गर्ने,
- वितरणमुखी खर्चमा नियन्त्रण गर्ने।

६०. **वितरणमूखी खर्च -** निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधी) नियमावली २०७१ को नियम ६ र निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ को नियम ४(१) मा सञ्चालन गर्न सकिने आयोजनाको किसिम तोकिएको छ। निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमवाट खानेपानीका पाईप तथा विद्युतीय सामग्री खरिदमा २०७१।७२ मा पाँचथर, डोटी लगायत ५ जिल्लाको ९

निर्वाचन क्षेत्रले रु.१ करोड ६५ लाख र २०७२।७३ मा कञ्चनपुर, धादिङ लगायत १४ जिल्लाको २२ निर्वाचन क्षेत्रले रु. ६ करोड ८६ लाख र निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट खानेपानीका पाईप, जस्तापाता, कम्प्युटर, विद्युतीय सामग्री, स्वास्थ्य सामग्री, खेलकुद सामग्री, लगायतका सामान खरिद कार्यमा २०७०।७१ मा धादिङ, कपिलवस्तु लगायत ८ जिल्लाको १२ सांसदले रु.४४ लाख, २०७१।७२ मा बाजुरा, भक्तपुर लगायत ९ जिल्लाको २० सांसदले रु.६० लाख र २०७२।७३ मा कञ्चनपुर, रामेछाप लगायत १९ जिल्लाको ३७ सांसदले रु.२ करोड ३० लाख विनियोजन गरी खर्च गरेकोले नियमावलीले तोके बमोजिमको आयोजनाहरुमा खर्च गरेको पाईएन । तोकिए बमोजिमको आयोजनामा बजेट विनियोजन तथा कार्यान्वयन हुनुपर्दछ ।

# सूचना प्रविधि लेखापरीक्षण

## स्थानीय निकाय वित्तिय आयोग काठमाडौं

स्थानीय निकाय वित्तिय आयोगले तयार गरेको सफ्टवेयरको पर्याप्तता, विश्वसनियता र पूर्णता पक्षको मूल्याङ्कन गर्ने उद्देश्यले सूचना प्रविधि लेखापरीक्षण गरिएको छ ।

६१. **सूचना प्रविधि रणनीति एवं योजना –** आयोगले मौजुदा सूचना प्रणालीको उपयोग एवं पूर्वाधार लगानी, स्रोत परिचालन आदि विषय सम्बोधन गरी आयोगलाई सुहाउँदो सूचना प्रविधि, सूचना प्रविधि पूर्वाधार, इमेल, इन्टरनेट आदि कुशलता पूर्वक उपयोग गर्ने, सूचना प्रविधि प्रणालीको पहुँच, यन्त्र उपकरणहरुको ब्याकअप प्रणाली, तालिम सम्बन्धी नीति, रणनीति एवं योजना तर्जुमा गर्नुपर्नेमा गरेको छैन । नीति एवं योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

६२. **व्यवसाय निरन्तरता एवं विपद् पुर्नलाभ** (Recovery) **राहत योजना –** कुनै विपत्ती आइपरेर कारोबार सुचारु नहुने अवस्थाबाट बच्न व्यवसाय निरन्तरता योजना तर्जुमा गर्नुपर्नेमा सो नीति तर्जुमा गरेको पाइएन । साथै विपद् पश्चात सामान्य अवस्थामा फर्कन सूचना प्रविधि दुरुस्त भए नभएको परीक्षण गरी पुनः सञ्चालन गर्न विपद् पुर्नलाभ योजना तर्जुमा गर्नुपर्दछ । नीति तथा योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यन्वयन गर्नुपर्ने देखिन्छ ।

६३. **एन्टिभाइरस प्रोग्राम प्रयोग सम्बन्धी –** आयोगमा भएका सबै कम्प्युटरको सुरक्षा हुने गरी नेटवर्क स्तरको एन्टिभाइरस प्रयोग गरी समय समयमा अद्यावद्धिक गर्नुपर्दछ । आयोगले नेटवर्क स्तरको एन्टीभाइरस सफ्टवेयर प्रयोग नगरी विभिन्न प्रकारका सफ्टवेयर प्रयोग गरेको देखियो । एन्टिभाइरस प्रोग्रामको अभिलेख अपडेट राख्ने व्यवस्था पनि गरेको पाइएन । अतः आयोगले एन्टिभाइरस सम्बन्धी नीति तर्जुमा गरी कम्प्युटर सफ्टवेयर एवं सूचना प्रणाली सुरक्षित बनाउनुपर्ने देखिन्छ ।

६४. **एकीकृत सफ्टवेयर –** जिल्ला विकास समिति, नगरपालिका र गाउं विकास समितिहरुको कार्यासम्पादन मापन सम्बन्धी अभिलेख तथा लेखाका अभिलेखहरु एकै सफ्टवेयरमा एकीकृत हुनुपर्दछ । आयोगमा लेखाको लागि छुट्टै सफ्टवेयर रहेको छ तर अन्य कार्यको लागि कुनै पनि सफ्टवेयर नभएकोले सम्पूर्ण अभिलेख एक्सल सिटमा राख्ने गरेको पाईयो । आयोगले गर्ने सम्पूर्ण कार्यको लागि एउटै एकीकृत सफ्टवेयरको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

६५. **भौचर मिति –** लेखा प्रणालीको नियन्त्रण प्रणाली प्रभावकारी बनाउन जुन दिन भौचर बनाइएको हो सोही दिनको मिति उल्लेख हुने र भौचर परिवर्तन गर्दा रिर्भस भौचरको माध्यमबाट परिवर्तन गर्ने व्यवस्था हुनुपर्दछ । आयोगको सफ्टवेयरमा फरक दिनको भौचर मिति राखी भौचर प्रविष्ट गर्ने सक्ने व्यवस्था भएको देखियो । लेखापरीक्षणको क्रममा २०७३।९।२० मा २०७३।९।३१ को मिति प्रविष्ट गर्दा सफ्टवेयरले स्वीकारेको पाइयो । यस्तो व्यवस्थाले लेखाको नियन्त्रण प्रणाली कमजोर बनाउने हुँदा नियन्त्रण प्रणाली मजबुत बनाउन जुन दिन भौचर बनाएको हो सोही दिनको मिती भौचरमा उल्लेख हुनुपर्ने व्यवस्था गर्नुपर्ने देखिएको छ ।

# वातावरणीय लेखापरीक्षण

## प्राकृतिक स्रोत साधनको उत्खनन्

आर्थिक विकास र वातावरण संरक्षणबीचको अन्योन्याश्रित सम्बन्धबाटै दिगो बिकास हुने हुँदा वातावरणीय ह्रासबाट मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तुमाथि हुन सक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न र प्राकृतिक स्रोतको समूचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्ने सम्बन्धमा वातावरण संरक्षण ऐन तथा नियमावलीको साथै स्थानीय स्वायत्त शासन ऐन र नियमावलीमा भएको व्यवस्था अनुसरण गरी प्राकृतिक स्रोत उत्खनन गर्दा पर्ने असरलाई न्यूनीकरण गर्न सम्बन्धित जिल्ला विकास समितिले ध्यान दिए नदिएको सम्बन्धमा जिल्ला विकास समिति ललितपुर, धादिङ, चितवन र मकावानपुरको वातावरणीय लेखापरीक्षण गरी देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

६६. **नीति, नियम र मापदण्ड -** जिल्लाभित्र ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक स्रोत सङ्कलन/उत्खनन् कार्य वातावरणमैत्री रुपमा गर्न आवश्यक नीति, नियम र मापदण्डको व्यबस्था हुनुपर्नेमा प्राकृतिक स्रोत उत्खनन् र प्रशोधन सम्बन्धमा भौगोलिक क्षेत्र अनुकूल हुने गरी राष्ट्रिय नीति तय नभएको, बिद्यमान वन ऐन र स्थानीय स्वायत्त शासन ऐनमा दहत्तरबहत्तरको क्षेत्राधिकारको बिबाद रहेको एवं ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक स्रोत सङ्कलन/उत्खनन् गर्न सकिने क्षेत्र, उत्खनन् गर्न नहुने क्षेत्र, उत्खनन् गर्न सकिने गहिराई, उत्खनन् गर्ने स्थानमा रहेको परिमाणमध्ये उत्खनन् गर्न सकिने मात्रा, उत्खनन्मा प्रयोग गर्न सकिने औजार र उपकरणका प्रकार, उत्खनन् गरेको पदार्थ भण्डारण गर्ने क्षेत्र र अवधि लगायतको सम्बन्धमा मापदण्ड निर्धारण नभएको स्थिति देखिएकोले वातावरणमैत्री रुपमा प्राकृतिक स्रोत उत्खनन् र प्रयोगको लागि आवश्यक नीति, नियम र मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ ।

६७. **परिमाण नापजाँच -** प्रारम्भिक वातावरणीय परीक्षणबमोजिम वातावरणमैत्री रुपमा सङ्कलन कार्य गराउन जिल्ला विकास समितिले प्रत्येक बर्ष बर्षायाम सकिएपछि आफ्नो क्षेत्रका नदीनालामा थुप्रिएका ढुङ्गा, गिट्टी, बालुवाको परिमाण नापजाँच गरी अभिलेख राख्नुपर्दछ । यसैगरी नदीनालाबाट दैनिक सङ्कलन र निकासी भएको एवं साधारण निर्माणमूखी खनिजको दैनिक उत्पादन परिमाणको अभिलेख राखी तोकिएको परिमाणभन्दा बढी सङ्कलन एवं उत्पादन नहुने व्यवस्था मिलाउनु पर्दछ । प्राप्त विवरणबमोजिम २०७२।७३ मा जिल्ला विकास समिति धादिङले सबै नदीनालाबाट समान परिमाण निकाल्ने गरी ९ नदीनालाबाट ६ लाख ७ हजार ५०० घन मिटर र चितवनले ५ नदीनालाबाट १ लाख ७१ हजार ३०६ घन मिटर ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन गर्नसक्ने गरी परिमाण निर्धारण गरेको पाइयो । मकवानपुरले यस प्रकारको नापजाँच नभएको व्यहोरा जनाएको छ । ढुङ्गा, गिट्टी, बालुवा सङ्कलनबाट यो बर्ष प्राप्त आयको आधारमा जिल्ला विकास समिति धादिङले १ लाख २१ हजार ५०० घन मिटर बढी सङ्कलन गरी रु.३ करोड १ लाख २३ हजार र धादिङले २९ हजार ६८६ घन मिटर बढी सङ्कलन गरी रु.३१ लाख ५३ हजार अनियमित आय प्राप्त गरेको देखिन्छ । निर्धारितभन्दा बढी परिमाण सङ्कलन गरेको कारण नदीको बहावमा परिवर्तन आउने, नदी किनारा कटान, पुल पुलेसामा असर पर्ने लगायतका वातावरणीय असर पर्ने स्थिति रहेकाले निर्धारित परिमाणभन्दा बढी सङ्कलन नहुने व्यबस्था मिलाउनु पर्दछ ।

६८. **सङ्कलन अभिलेख -** आफ्नो क्षेत्रभित्रका नदीनालाबाट ढुङ्गा, गिट्टी, बालुवा बिक्रीबाट आय आर्जन गर्ने जिल्ला विकास समितिले यसरी सङ्कलन र निकासी भएको परिमाणको दैनिक अभिलेख राखी तोकिएको परिमाणभन्दा बढी सङ्कलन र निकासी भए नभएको कुराको सुनिश्चित हुने व्यबस्था नगरेको, सङ्कलनकर्ताले सम्झौताबमोजिम मासिक विवरण र जिल्ला विकास समितिबाट प्रमाणित गरी लगेको रसिदको अर्धकट्टी समेत नबुझाउने गरेको कारण धादिङ, चितवन र मकवानपुरले २०७०।७१ देखि २०७२।७३ को अवधिमा बिभिन्न नदीनालाबाट ४० लाख १४ हजार ५४१ घन मिटर सङ्कलन र निकासी भएको भनी उपलव्ध गराएको विवरणमा आश्वस्त हुन सक्ने अवस्था छैन । चितवनले ठेकेदारले बढी अङ्क कबोल गर्ने र बढी रकम असुलीको लागि बढी नै परिमाण सङ्कलन गर्नसक्ने अवस्था रहेको व्यहोरा समेत जनाएको छ । जसले गर्दा ती नदीनालाबाट तोकिएभन्दा बढी सङ्कलन र निकासी हुन सक्ने स्थिति बिद्यमान रहेको देखिन्छ । परिणाम स्वरुप ती नदीनालाको अत्यधिक दोहन भई वातावरणमा असर पर्न सक्ने एकातिर देखिन्छ भने अर्कोतिर जिल्ला विकास समितिलाई प्राप्त हुने आय समेत घट्न जाने स्थिति रहेको छ । सङ्कलनको अभिलेख व्यबस्थिति गर्नु पर्दछ ।

६९. **प्रारम्भिक वातावरणीय परीक्षण -** वातावरण संरक्षण ऐन एवं नियमावलीबमोजिम नदीनालाबाट ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन गर्दा र साधारण निर्माणमूखी खनिज उत्खनन् गर्दा प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने व्यबस्थाबमोजिम जिल्ला विकास समितिहरुले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरी नदीजन्य पदार्थ सङ्कलन हुने गरेको जनाएका छन् । नदीनालाबाट ढुङ्गा, गिट्टी, बालुवाबाट आय आर्जन गर्ने निकाय आफैले प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत गर्ने कार्य उचित नभएकोले पुनरावलोकन हुनुपर्दछ । साथै जिल्ला विकास समिति मकवानपुरले प्रारम्भिक वातावरणीय परीक्षण नगराई २०७२।७३ मा लोथर खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन मार्फत रु.१ करोड १९ लाख आय आर्जन गरेको वातावरण कानुन विपरीत देखिन्छ ।

७०. **एक्साभेटरको प्रयोग -** प्रारम्भिक वातावरणीय परीक्षण र सम्झौतामा उल्लेख भए अनुसारका औजार र उपकरण प्रयोग गरी नदीजन्य पदार्थ सङ्कलन गर्नुपर्नेमा धादिङले २०७२।७३ मा अनुमति प्रदान भएको ९ मध्ये २ खोलामा २।२ र मकवानपुरले ८ मध्ये ५ खोलामा १।१ एक्साभेटर प्रयोग गर्ने गरी सम्झौता भएको एवं चितवनले ५ नदीनालबाट सङ्कलन गर्दै आएकोमा एक्साभेटर प्रयोग गर्न सक्ने गरी सम्झौता नगरेको तर अनुगमन समितिको निर्णयअनुसार ३ नदीनालामा ५ एक्साभेटर प्रयोग गर्ने अनुमति प्रदान भएको जनाएको छ । धादिङले एक्साभेटर प्रस्ताव गरेको बाहेकका केही खोलाहरुमा गैरकानुनी रुपमा प्रयोग हुने गरेको तथ्य समेत उल्लेख गरेको छ । यसरी सम्झौतामा उल्लेख गरी वा नगरी प्रयोग गर्न दिएको एक्साभेटरको संख्या तोकिएको क्षेत्रमा वातावरणमा कम असर पर्ने गरी प्रयोग भएको सम्बन्धमा जिल्ला विकास समितिले आश्वस्त गराउन नसकेको एवं उल्लिखित बाहेक अन्य नदीनालामा समेत अवैध रुपमा यस्ता उपकरणहरुको प्रयोगले नदी किनारा र नदीभित्रै गहिरो खाल्टो पारी उत्खनन् गर्ने गरेको कारण त्यस क्षेत्रको भौतिक र जैविक वातावरणमा असर परेको अवस्था देखिन्छ । वातावरणमा असर पर्ने गरी वैध वा अवैध रुपमा प्रयोग भइरहेका यस्ता उपकरणको प्रयोगमा नियन्त्रण गर्नुपर्दछ ।

७१. **क्रसर उद्योग -** नेपाल सरकार मन्त्रिपरिषद्को २०७०।५।१७ गतेको बैठकले क्रसर उद्दयोगले धार्मिक, साँस्कृतिक र पुरातात्विक महत्वका स्थान, राजमार्ग, खोला किनार, शिक्षण संस्था, स्वास्थ्य संस्था, सुरक्षा निकाय, वन, निकुञ्ज र आरक्ष एवं घना वस्तीबाट तोकिएको दूरी कायम गर्नेगरी निर्धारण भएकोमा धादिङले जिल्लामा ५० क्रसर उद्योग स्थापना भएकोमध्ये हाल ३३ सञ्चालनमा रहेको र ३३ मध्ये २६ मापदण्डअनुसार नरहेको, चितवनले हाल सञ्चालनमा रहेको २ ले मापदण्ड पूरा नगरेको र मकवानपुरले जिल्लामा करिब ४२ क्रसर उद्योग स्थापना भएकोमा हाल सञ्चालनमा रहेको १० ले कुनै मापदण्ड पूरा नगरेको व्यहोरा जानकारी गराएका छन् । ललितपुरले आफ्नो कार्यक्षेत्रमा क्रसर उद्योग नभएको जानकारी गराएको छ । यसरी तोकिएको मापदण्ड पूरा नगरी सञ्चालनमा रहेका क्रसर उद्योगको कारण अवैध उत्खनन्, शिक्षण र स्वास्थ्य संस्था एवं राजमार्ग छेउ र घनाबस्ती भएको क्षेत्रमा ध्वनी, धुलो लगायतको कारण बिभिन्न वातावरणीय असर परेको देखिन्छ । मापदण्ड विपरीत सञ्चालित क्रसर उद्योगलाई मापदण्डअनुसार सञ्चालन गराउनु पर्दछ ।

# संस्था र समिति

## स्थानीय विकास कोषको सचिवालय

७२. **लगानी** - स्थानीय विकास कोषबाट ऋण लिने सामुदायिक संस्थाले कोषसंग भएको सम्झौता वा साझेदारीको सहमति पत्रबमोजिम निर्धारित भाखामा कोषलाई बुझाउनुपर्ने ऋण रकमको साँवा, ब्याज र सेवा शुल्क तथा ढिला भएकोमा हर्जाना बापतको रकम बुझाउनुपर्ने उल्लेख छ । स्थानीय विकास कोषको सचिवालय नुवाकोट, चितवन, खोटाङ, इलाम, अछाम, बाँके, रौतहट र भोजपुरले गरिबसँग विश्वेश्वर लगायतका कार्यक्रममा यो बर्षसम्म रु.१८ करोड १७ लाख ६९ हजार ऋण लगानी गरेकोमध्ये गत बर्षसम्मको ऋण लगानी रु.९ करोड ६८ लाख ९० हजार असुल गर्न बाँकी रहेको छ । सचिवालयले साँवा, ब्याज असुल उपर गर्न कारबाही नगरेकोले उक्त रकम जोखिमको स्थितिमा छ ।

७३. **ब्याज र हर्जाना** - स्थानीय विकास कोषको सचिवालय अछाम, बाँके, गुल्मी, रुपन्देही, बर्दिया, झापा र नुवाकोटले यो वर्षसम्म लगानी बापतको असुल गर्नुपर्ने ब्याज रु.२६ लाख २५ हजार र हर्जाना रु.५७ हजार समेत रु.२६ लाख ८२ हजार असुल नगरेकोले सम्झौता अनुसार उक्त रकम असुल हुनुपर्दछ ।

## स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

७४. **सञ्चित कोष फिर्ता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(क) बमोजिम स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले विभिन्न क्रियाकलाप सञ्चालनार्थ निकासा प्राप्त गरेको रु.७ करोड ५० लाखमध्ये खर्च नभई बाँकी रहेको रु.१ करोड ४ लाख ९७ हजार र अन्य मन्त्रालयबाट तालिम सञ्चालनका लागि प्राप्त रकममध्ये खर्च नभई गत विगत वर्षदेखि बचत रहेको रु.४३ लाख ७१ हजार समेत रु.१ करोड ४८ लाख ६८ हजार सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

७५. **सञ्चित विदा** - स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान नियमावली, २०५२ मा कर्मचारीलाई सेवामा कार्यरत रहेको अवस्थामा सञ्चित विदाको रकम भुक्तानी दिने व्यवस्था छैन । यो वर्ष परिषद्को २०५५।११।१३ को निर्णयको आधारमा सञ्चित विदा बापत कर्मचारीहरुलाई रु.१० लाख १८ हजार भुक्तानी दिएको छ । मन्त्रिपरिषद्बाट स्वीकृत भएको नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी परिषद्को पटके निर्णयको आधारमा यस्तो भुक्तानी दिन मिल्ने देखिएन ।

७६. **जग्गा भाडा** - वि.सं.२०१३ सालमा स्थापित यो केन्द्र २०५० देखि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गत रही तालिम सञ्चालन गर्दै आएको छ । केन्द्रले जावलाखेलको ७ रोपनी ६ आना २ पैसा जग्गामध्ये ५ रोपनी जग्गामा अफिस कम सपिङ्ग कम्प्लेक्स बनाउन २०६१ मा एक कम्पनीलाई ३२ वर्षको लागि भाडामा उपलब्ध गराएको छ । भवन निर्माण अवधिमा २ वर्षसम्म मासिक रु.२५ हजार र त्यसपछिका वर्षदेखि अन्तिम ३२ वर्षसम्म मासिक रु.१ लाख ७५ हजार स्थीर दरले भाडा निर्धारण गरेकोमा प्रचलित व्याजदर, मुद्रास्फिति र ३२ वर्षको बजार मूल्यलाई अध्ययन नगरी भाडादर तोक्नु उपयुक्त देखिँदैन । सम्झौताको बुँदा नं. ६ मा प्रचलित कानुनबमोजिम लाग्ने मालपोत, विकास शूल्क, कर, महसूल शूल्क आदि भाडामा लिने पक्षले आफ्नै खर्चमा भुक्तानी गरी त्यसको प्रमाण १५ दिनभित्र केन्द्रमा वुझाउने उल्लेख गरेतापनि घर बहाल कर केन्द्रले नै बुझाउँदै आएका कारण २०७३ असारसम्म १० वर्ष ३ महिनामा हुने भाडा रु.१ करोड ७९ लाख २५ हजारको १० प्रतिशतले हुने घर बहाल कर रु.१७ लाख ९२ हजार सम्बन्धितबाट असुल हुनुपर्ने देखिएको छ ।

७७. **तालिम** - महिला विकास प्रशिक्षण केन्द्र, जावलाखेलबाट सञ्चालित लामो अवधिका ३ सेवाकालीन तालिम कार्यक्रमबाट ११५ जना र ४ कार्यक्रम सञ्चालन गरी ९९ जनालाई छोटो अवधिको तालिम उपलब्ध गराई रु.३२ लाख ६० हजारको तालिम कार्यक्रम सञ्चालन गर्दा रु.२६ लाख ५२ हजार प्रशासनिक खर्च गरेकोले लागत प्रभावकारी देखिएको छैन । केन्द्रको संरचना तथा तालिम सञ्चालनमा पुनरावलोकन गरी कार्यक्रम सञ्चालनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

## फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र

७८. **जिन्सी** - केन्द्रले रु.९० लाख ६६ हजारको फोहोर व्यवस्थापन सामग्री नगरपालिकाहरुमा हस्तान्तरण गरेकोमा जिन्सी दाखिला एवं हस्तान्तरण फाराम प्रमाणित भई नआएको तथा नगरपालिकामा पठाउनु पर्ने रु.१५ लाख ७२ हजारको उपकरण केन्द्रमा मौज्दात रहेको छ ।

७९. **निष्क्रिय कोष** - फोहोर मैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रका ५ खातामा वि.स. २०४४ सालदेखि रु.७५ लाख ५४ हजार मौज्दात निष्क्रिय रहेकोले सञ्चित कोष दाखिला गर्नुपर्ने देखिन्छ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ १७३ निकायमा यो वर्ष रु.९ अर्ब ५३ करोड ४९ लाख ३० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ अर्ब ५० करोड १ लाख ५९ हजार फछ्र्यौट गरेकोले रु.८ अर्ब ३ करोड ४७ लाख ७१ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सोमध्ये रु.३ अर्ब ५७ करोड ८३ लाख ३५ हजार पेश्की बेरुजू रहेको छ ।
  - अन्य संस्था र समितितर्फ रु.१ अर्ब ९० करोड ४१ लाख ७५ हजार बेरुजू देखिएको मध्ये रु.५ करोड ९८ लाख ७८ हजार फछ्र्यौट गरेकोले रु.१ अर्ब ८४ करोड ४२ लाख ९७ हजार बाँकी रहेको छ । सोमध्ये रु.२२ करोड ८४ लाख ५७ हजार पेश्की बेरुजू रहेको छ ।